# बागमती विश्वविद्यालय
# Bagmati University

# वार्षिक प्रतिवेदन
## आ.व. २०८२/०८३

## केन्द्रीय कार्यालय
हेटौँडा, मकवानपुर

# बागमती विश्वविद्यालय

## वार्षिक प्रतिवेदन आ.व. २०८२/०८३

केन्द्रीय कार्यालय
हेटौँडा, मकवानपुर

# वार्षिक प्रतिवेदन
# (आ.व. २०८२/०८३)

## विषय प्रवेश

बागमती विश्वविद्यालयले आफ्नो स्थापनाको दुई वर्ष पार गरेको छ । अझै पनि विश्वविद्यालय आफ्नो शैशवकालमा नै रहेको छ । बागमती प्रदेश उच्च शिक्षा ऐन, २०७८ बमोजिम प्रदेश सरकारद्वारा स्थापित यस सार्वजनिक विश्वविद्यालयले स्थापनाको दुई वर्षभित्रै ६ वटा सामुदायिक क्याम्पसहरूलाई आफ्नो आङ्गिक क्याम्पसको रूपमा समायोजन गरी आफ्ना तिनवटा सङ्कायहरू व्यवस्थापन तथा कानून, विज्ञान तथा प्रविधि र शिक्षाशास्त्र तथा सामाजिक विज्ञान सङ्काय अन्तर्गतका विषयहरूमा पठनपाठन सुरू गरी प्रथम सेमेष्टरको नतिजासमेत प्रकाशन गर्न सफल भएको छ । आर्थिक वर्ष २०८१/०८२ मा विश्वविद्यालयले आफ्नो स्थापनाको प्रथम वर्षका गतिविधिहरू समेटेर वार्षिक प्रतिवेदन संरक्षक समिति समक्ष प्रस्तुत भएको थियो । संरक्षक समितिले उक्त प्रतिवेदन पारित गरी प्रदेश उच्च शिक्षा परिषद्मा पेस गर्न अनुमति दिए बमोजिम गत वर्ष नै सामाजिक विकास मन्त्रालयमा पेस गरिएको थियो । यस आर्थिक वर्ष २०८२/०८३ मा विश्वविद्यालयले सम्पन्न गरेका कार्यहरू र महत्त्वपूर्ण निर्णयहरू समेटेर यो प्रतिवेदन तयार गरिएको छ ।

## आर्थिक वर्ष २०८२/०८३ का महत्त्वपूर्ण उपलब्धिहरू

(क) विश्वविद्यालयका विनियमहरूको स्वीकृति

विश्वविद्यालय संरक्षक समितिबाट पारित भई प्रदेश उच्च शिक्षा परिषद्मा पेस भएका विश्वविद्यालय सञ्चालनका तीन वटा विनियमहरू (बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२, बागमती विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी विनियम, २०८२, बागमती विश्वविद्यालय आर्थिक प्रशासन सम्बन्धी विनियम, २०८२) प्रदेश उच्च शिक्षा परिषद्बाट मिति २०८२/०७/२० मा स्वीकृत भएका छन् ।

(ख) क्याम्पस छनोट तथा समायोजन मापदण्ड स्वीकृत

प्रदेश उच्च शिक्षा परिषद्ले विश्वविद्यालयद्वारा पेस गरिएको आङ्गिक क्याम्पस छनोट तथा समायोजन मापदण्ड, २०८२ लाई मिति २०८२/०७/२० मा स्वीकृत प्रदान गरेको छ ।

(ग) बागमती प्रदेश सरकार मन्त्रीपरिषद्ले उच्च शिक्षा परिषद्द्वारा स्वीकृत मापदण्ड बमोजिम छनोट भई पेस भएका ६ वटा क्याम्पसहरूलाई विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा समायोजन गर्न मिति २०८२/०८/०९ मा स्वीकृति प्रदान गरेको छ ।

(घ) बागमती प्रदेश सरकारबाट स्वीकृति प्राप्त तपसिल बमोजिमका विभिन्न ६ वटा सामुदायिक क्याम्पसहरूसँग सम्झौता भई आङ्गिक क्याम्पसको रूपमा समायोजन भएका छन् ।



क्याम्पसहरूसँग समायोजन सम्झौतापछि लिइएको तस्बिर, २०८२



विश्वविद्यालय र क्याम्पसहरूबीच सम्झौता समारोहको झलक



मानननीय मुख्यमन्त्रीलाई मायाको चिनो प्रदान गर्दै बागमती विश्वविद्यालयका अध्यक्ष र बुढानीलकण्ठ नगरपालिकाका नगर प्रमुख मिठाराम अधिकारी, २०८२ मङ्सिर २६



बागमती विश्वविद्यालय र भुवानीशङ्कर क्याम्पसबिच सम्झौता आदानप्रदान, २०८२ मङ्सिर २६



भुवानी शङ्कर बहुमुखी क्याम्पस, खैरहनी, चितवन ।



बागमती विश्वविद्यालय र जनमैत्री क्याम्पसबिच सम्झौता आदानप्रदान, २०८२ मङ्सिर २६




जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ



बागमती विश्वविद्यालय र कपन क्याम्पसबिच सम्झौता आदानप्रदान, २०८२

मङ्सिर २६




कपन क्याम्पस, कपन, काठमाडौँ



बागमती विश्वविद्यालय र चैतन्य क्याम्पसबिच सम्झौता आदानप्रदान, २०८२ मङ्सिर २६




चैतन्य बहुमुखी क्याम्पस, बनेपा, काभ्रे



बागमती विश्वविद्यालय र माडी क्याम्पसबिच सम्झौता आदनप्रदान, २०८२ मङ्सिर २६



माडी क्याम्पस, माडी, चितवन




बागमती विश्वविद्यालय र हेटौँडा क्याम्पसबिच सम्झौता पछिको तस्बिर, २०८२ पौष २८



हेटौँडा क्याम्पस, हेटौँडा

(ङ) त्रिभुवन विश्वविद्यालय र बागमती विश्वविद्यालयबिच सम्झौता



बागमती विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालय बिच सम्झौतापश्चात लिइएको तस्बिर, २०८२ चैत २२

(च) आङ्गिक क्याम्पसको रूपमा समायोजन भएका क्याम्पसहरूलाई आर्थिक वर्ष २०८२/०८३ को लागि शैक्षिक कार्यक्रम सञ्चालन अनुमति दिइएका कार्यक्रमहरूमा भर्ना भएका विद्यार्थी सङ्ख्या र तिनीहरूको प्रथम सत्रको नतिजा

**तालिका नं. १**

| क्र. सं. | क्याम्पसको नाम/ठेगाना | शैक्षिक कार्यक्रमहरू र विद्यार्थी सङ्ख्या | नतिजा |
|---|---|---|---|
| १ | भुवानीशङ्कर क्याम्पस, खैरहनी, चितवन । | BBA – ४१<br>BIT – २०<br>B.Ed. – ३० | ५६.०९%<br>८५.००%<br>९०.००% |
| २ | जनमैत्री क्याम्पस, कुलेश्वर, काठमाण्डौ । | BBA – ३२<br>BIT – १५<br>B.Ed. – २९ | ८४.३७%<br>३३.३३%<br>८९.६५% |
| ३ | कपन क्याम्पस, कपन, काठमाण्डौ । | BBA – १९<br>BIT – १९<br>B.Ed. – १९ | ८४.२१%<br>१००%<br>९४.७३% |
| ४ | चैतन्य क्याम्पस, बनेपा, काभ्रे । | B.Ed. – २१<br>BIT – ८ | ९०.४७%<br>१०० % |

| क्र. सं. | क्याम्पसको नाम/ठेगाना | शैक्षिक कार्यक्रमहरू र विद्यार्थी सङ्ख्या | नतिजा |
|---|---|---|---|
| ५ | हेटौंडा क्याम्पस, हेटौंडा, मकवानपुर । | B.Ed. – २३<br>BBA – १३ | ८६.९५ %<br>४६.१५ % |
| ६ | माडी क्याम्पस, माडी, चितवन । | B.Ed. – ३९<br>BBA – १९ | ८१.१७ %<br>९४.७३% |

**(छ) शिक्षक कर्मचारी समायोजन**

विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ बमोजिम संरक्षक समितिको स्विकृति सङ्गठनात्मक संरचना (अनुसूची ३) र दरबन्दीभित्र रही निम्नानुसारका क्याम्पसहरूमा तपसिल बमोजिमका शिक्षक तथा कर्मचारीहरूलाई समायोजन गरिएको छ ।

**१. हेटौंडा क्याम्पस**

| क्र.सं. | शिक्षकहरूको नाम | समायोजन गरेको पद | कैफियत |
|---|---|---|---|
| १ | डा.देवचन्द्र मानन्धर | उप प्राध्यापक | |
| २ | देवीराम लामा | उप प्राध्यापक | |
| ३ | सञ्जयकुमार बस्नेत | उप प्राध्यापक | |
| ४ | मनोज पोखरेल | सहायक प्राध्यापक | |
| ५ | रामु कँडेल | सहायक प्राध्यापक | |
| ६ | विवश थापा | सहायक प्राध्यापक | |
| ७ | बालकृष्ण शर्मा घिमिरे | सहायक प्राध्यापक | |
| **क्र.सं.** | **कर्मचारीहरूको नाम** | **समायोजन गरेको पद** | **कैफियत** |
| १ | प्रकाश दहाल | शाखा अधिकृत | |
| २ | प्रमिता शर्मा | प्रशासन सहायक पाँचौं | |
| ३ | देवरत्न मानन्धर | प्रशासन सहायक पाँचौं | |

**२. भुवानीशङ्कर क्याम्पस**

| क्र.सं. | शिक्षक कर्मचारीको नाम | समायोजन गरेको पद | कैफियत |
|---|---|---|---|
| १ | नवराज भट्टराई | उप प्राध्यापक | |
| २ | चेतराज रेग्मी | उप प्राध्यापक | |
| ३ | दिपेन्द्रकुमार चौधरी | उप प्राध्यापक | |
| ४ | उपेन्द्र सुबेदी | सहायक प्राध्यापक | |
| ५ | राजु चौधरी | सहायक प्राध्यापक | |
| ६ | सुष्मा सापकोटा | सहायक प्राध्यापक | |
| ७ | खडानन्द सिलवाल | सहायक प्राध्यापक | |
| **क्र.सं.** | **कर्मचारीहरूको नाम** | **समायोजन गरेको पद** | **कैफियत** |
| १ | बिन्दुश्वरी न्यौपाने | पुस्तकालय सहायक पाँचौं | |

३. जनमैत्री क्याम्पस

| क्र.सं. | शिक्षक कर्मचारीको नाम | समायोजन गरेको पद | कैफियत |
|---|---|---|---|
| १ | डा.निलम सुवेदी | उप प्राध्यापक | |
| २ | डा. नरेन्द्रप्रसाद कोइराला | उप प्राध्यापक | |
| ३ | भोलानाथ ओझा | उप प्राध्यापक | |
| ४ | बाबुराम भुसाल | उप प्राध्यापक | |
| ५ | टिकादत्त सुवेदी | उप प्राध्यापक | |
| ६ | नेत्रलाल ज्ञवाली | सहायक प्राध्यापक | |
| ७ | नवीन श्रेष्ठ | सहायक प्राध्यापक | |
| **क्र.सं.** | **कर्मचारीहरूको नाम** | **समायोजन गरेको पद** | **कैफियत** |
| १ | रवि महर्जन | लेखा अधिकृत | डिनको कार्यालयमा पदस्थापन |
| २ | दिपक सिंह | शाखा अधिकृत | |
| ३ | नारायण प्रसाद ज्ञवाली | प्रशासन सहायक पाँचौं | |
| ४ | भीष्मराज पौडेल | प्रशासन सहायक पाँचौं | |

४. कपन क्याम्पस

| क्र.सं. | शिक्षक कर्मचारीको नाम | समायोजन गरेको पद | कैफियत |
|---|---|---|---|
| १ | भूमिदत्त पौडेल | उप प्राध्यापक | |
| २ | डिल्लिराम अधिकारी | सहायक प्राध्यापक | |
| ३ | जगदिश कार्की | सहायक प्राध्यापक | |
| ४ | कृष्णप्रसाद भण्डारी | सहायक प्राध्यापक | |
| **क्र.सं.** | **कर्मचारीहरूको नाम** | **समायोजन गरेको पद** | **कैफियत** |
| १ | अनिल सिग्देल | शाखा अधिकृत | |
| २ | प्रतिज्ञा खड्का | प्रशासन सहायक पाँचौं | |
| ३ | अस्मिता क्षेत्री | प्रशासन सहायक पाँचौं | |

५. माडी क्याम्पस

| क्र.सं. | शिक्षक कर्मचारीको नाम | समायोजन गरेको पद | कैफियत |
|---|---|---|---|
| १ | अनुज गुरागाइँ | लेखा सहायक | |
| **स्थायी शिक्षक** | | **२५** | |
| **स्थायी कर्मचारी** | | **१२** | |

**(ज) दरबन्दी स्वीकृति र जनशक्ति व्यवस्थापन**

विश्वविद्यालय संरक्षक समितिले मिति २०८२/११/०४ मा स्वीकृत गरेको दरबन्दीभित्र रही तपसिल बमोजिमको सङ्ख्यामा जनशक्ति करार सेवामा नियुक्त गरी व्यवस्थापन गरिएको छ ।

**करार सेवा (शिक्षक)**

| क्र स | विषय | शिक्षक सङ्ख्या | क्याम्पसको नाम | सेवासमूह | नियुक्त भएको पद |
|---|---|---|---|---|---|
| १. | अर्थशास्त्र | २ | जनमैत्री क्याम्पस कुलेश्वर, काठमाडौँ | शिक्षण | सहायक प्राध्यापक |
| २. | सामाजिक अध्ययन | १ | | शिक्षण | सहायक प्राध्यापक |
| ३. | नेपाली | १ | | शिक्षण | सहायक प्राध्यापक |
| ४. | सूचना प्रविधि | ३ | | शिक्षण | सहायक प्राध्यापक |
| ५. | तथ्याङ्कशास्त्र | १ | | शिक्षण | सहायक प्राध्यापक |
| ६. | अङ्ग्रेजी | २ | कपन क्याम्पस कपन, काठमाडौँ | शिक्षण | सहायक प्राध्यापक |
| ७. | सामाजिक अध्ययन | १ | | शिक्षण | सहायक प्राध्यापक |
| ८. | सूचना प्रविधि | ३ | | शिक्षण | सहायक प्राध्यापक |
| ९. | तथ्याङ्कशास्त्र | १ | | शिक्षण | सहायक प्राध्यापक |
| १०. | नेपाली शिक्षा | २ | | शिक्षण | सहायक प्राध्यापक |
| ११. | अर्थशास्त्र | १ | | शिक्षण | सहायक प्राध्यापक |
| १२. | तथ्याङ्कशास्त्र | १ | भुवानीशङ्कर क्याम्पस, खैरहनी चितवन | शिक्षण | सहायक प्राध्यापक |
| १३. | सूचना प्रविधि | ४ | | शिक्षण | सहायक प्राध्यापक |
| १४. | विज्ञान | १ | | शिक्षण | सहायक प्राध्यापक |
| १५. | अर्थशास्त्र | १ | | शिक्षण | सहायक प्राध्यापक |
| १६. | अङ्ग्रेजी | २ | चैतन्य क्याम्पस, बनेपा, काभ्रे | शिक्षण | सहायक प्राध्यापक |
| १७. | सामाजिक अध्ययन | १ | | शिक्षण | सहायक प्राध्यापक |
| १८. | सूचना प्रविधि | १ | | शिक्षण | सहायक प्राध्यापक |
| १९. | नेपाली | २ | | शिक्षण | सहायक प्राध्यापक |
| २०. | तथ्याङ्कशास्त्र | १ | हेटौँडा क्याम्पस, हेटौँडा, मकवानपुर | शिक्षण | सहायक प्राध्यापक |
| २१. | समाजशास्त्र | १ | | शिक्षण | सहायक प्राध्यापक |
| २२. | सूचना प्रविधि | १ | | शिक्षण | सहायक प्राध्यापक |
| २३. | व्यवस्थापन | १ | | शिक्षण | उप प्राध्यापक |
| २४. | सामाजिक अध्ययन | २ | माडी क्याम्पस | शिक्षण | सहायक प्राध्यापक |
| २५. | व्यवस्थापन | २ | | शिक्षण | सहायक प्राध्यापक |
| २६. | अङ्ग्रेजी | २ | | शिक्षण | सहायक प्राध्यापक |
| २७. | तथ्याङ्कशास्त्र | १ | | शिक्षण | सहायक प्राध्यापक |
| **जम्मा** | | ४२ | | | |

**करार सेवा (कर्मचारी)**

| क्र.सं. | पद | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | अधिकृत स्तर सातौं | ३ | |
| २. | सहायक स्तर पाँचौं | १२ | |
| ३. | कम्प्युटर अपरेटर | २ | |
| ४. | कार्यालय सहयोगी | ९ | |
| ५. | सुरक्षा गार्ड | ९ | |
| ६. | सरसफाई | ७ | |
| **जम्मा** | | ४२ | |

**(झ) पाठ्यक्रम निर्माण र शैक्षिक कार्यक्रम सञ्चालन**

आ.व. २०८२/०८३ मा स्नातक तह कानून ३ वर्षे LLB (१९०० पूर्णाङ्क) कार्यक्रमको पाठ्यक्रम तयार गरी विभिन्न तिनवटा क्याम्पसहरूमा पठनपाठन सुरू गरिएको छ । ती क्याम्पसहरूमा भर्ना भएका विद्यार्थी सङ्ख्याको विवरण :

| क्र.सं. | क्याम्पसको नाम | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | जनमैत्री क्याम्पस | ५५ | |
| २ | भुवानीशङ्कर क्याम्पस | ५५ | |
| ३ | हेटौंडा क्याम्पस | ५५ | |

स्नातक तह शिक्षाशास्त्र सङ्काय अन्तर्गत ४ वटा व्यावसायिक (Vocational) विषयको पाठ्यक्रम निर्माण भई पठनपाठन सुरू भएको छ ।

| क्र.सं. | विषय | क्रेडिट आवर | कैफियत |
|---|---|---|---|
| १ | Applied Horticulture and Floriculture | ९ | प्रति सेमेष्टर ३ क्रेडिटले ३ सेमेष्टरसम्म सञ्चालन हुने । |
| २ | Applied Electrical and Electronics | ९ | |
| ३ | General Cook /Baker | ९ | |
| ४ | Digital Skills | ९ | |

**(ञ) प्राज्ञिक परिषद्मा सदस्य मनोनयन**

विश्वविद्यालय विधान, २०८१ बमोजिम तपसिलका व्यक्तिहरूलाई विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८२/१२/१९ को निर्णय बमोजिम प्राज्ञिक परिषद्मा मनोनयन गरिएको छ ।

१. प्रा.डा. डिल्लीराज शर्मा
२. प्रा.डा. जनार्दन लामिछाने
३. प्रा.डा. रामप्रसाद खतिवडा
४. प्रा.डा. जगत कुमार श्रेष्ठ
५. डा. विष्णु बस्याल
६. डा. निलम सुवेदी
७. श्री उपेन्द्र सुवेदी

**(ट) परीक्षा सुधार तथा समन्वय परिषद् गठन**

विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी विनियम, २०८२ को विनियम २४ को व्यवस्था बमोजिम परीक्षा सुधार तथा समन्वय परिषद् देहाय बमोजिम गठन भएको छ ।

| | |
|---|---|
| १. डा. कुसुमराज सुवेदी | अध्यक्ष |
| २. सबै डिनहरू | सदस्य |
| ३. डा. नरेन्द्र प्रसाद कोइराला | सदस्य |
| ४. श्री दिपेन्द्र कुमार चौधरी महतो | सदस्य |

**(ठ) सङ्काय परीक्षा समिति गठन**

विश्वविद्यालयमा सङ्काय डिनको अध्यक्षतामा सङ्काय परीक्षा समिति गठन हुने सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी विनियम, २०८२ को व्यवस्था भए पनि तत्कालीन अवस्थामा एउटा मात्रै डिन कार्यरत भएकाले सबै सङ्कायहरूको परीक्षा सञ्चालन गर्ने तपसिल बमोजिमको परीक्षा सञ्चालन समिति गठन भएको छ । उक्त समितिले प्रथम सत्रको परीक्षा सम्पन्न गरी एक हप्ताभित्र नै नतिजा प्रकाशन गर्न सफल भएको छ ।

| | | | |
|---|---|---|---|
| १. | डा. गंगाराम विश्वकर्मा | डिन | अध्यक्ष |
| २. | श्री भूमिदत्त पौडेल | क्या.प्र. | सदस्य |
| ३. | श्री खडानन्द सिलवाल | शिक्षक | सदस्य |
| ४. | श्री टिकादत्त सुवेदी | शिक्षक | सदस्य |

**(ड) संरक्षक समितिको कार्यकाल निर्धारण**

मिति २०८३/०२/०५ गते प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा १३ बमोजिम गठित बागमती विश्वविद्यालय संरक्षक समितिका पदाधिकारीहरूको कार्यकाल सोही दफाको उपदफा (५) बमोजिम गोलाप्रथाबाट निर्धारण गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

| क्र. सं. | सदस्यको नामथर | वर्ष | कैफियत |
|---|---|---|---|
| १. | प्रा.डा. चन्द्रमणि पौडेल | ६ | |
| २. | प्रा.डा. प्रेम नारायण अर्याल | ४ | |
| ३. | श्री बच्चुराम अधिकारी | ६ | |
| ४. | श्री कृष्ण कटुवाल | २ | |
| ५. | श्री नुररानी ढुङ्गेल | ४ | |
| ६. | श्री किरणचन्द्र दाहाल | २ | |
| ७. | श्री रामप्रसाद रिमाल | ६ | |
| ८. | डा. कुसुमराज सुवेदी | ४ | |

## (ढ) क्षतिग्रस्त संरचना मर्मत

मिति २०८२ भाद्र २३ र २४ को घटनामा आगलागी भई क्षतिग्रस्त विश्वविद्यालय संरक्षक समितिको भवन प्रदेश सरकारबाट मर्मत भएको छ । संरक्षक समितिको सचिवालयका लागि आवश्यक फर्निचरहरू पनि व्यवस्था गरिएको छ ।

**क्षतिग्रस्त संरचना**







२०८२ भाद्र २३ र २४ गतेको घटनामा जलेको फोटो



मर्मतपछिको तस्बिर



मर्मतपछिको तस्बिर



मर्मतपछिको तस्बिर

## (ण) अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार

बागमती विश्वविद्यालयले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा कोरियाको TONGWON विश्वविद्यालयसँग सहमति पत्र (MOU) मा हस्ताक्षर गरेको छ । बागमती विश्वविद्यालयका तर्फबाट संरक्षक समितिका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेल र TONGWON विश्वविद्यालयको तर्फबाट Acting President Jong In Choi ले उक्त सम्झौता पत्रमा मिति 25 June, 2026 (२०८३ असार ११) मा हस्ताक्षर गर्नु भएको छ ।



अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने क्रममा कोरियाको TONGWON UNIVERSITY सँग प्रथम समझदारीपत्र (MOU) मा हस्ताक्षर



MOU मा हस्ताक्षरपछिको तस्बिर

**बोर्ड अफ ट्रस्टी (संरक्षक समिति) का महत्त्वपूर्ण निर्णयहरू**

बागमती विश्वविद्यालय संरक्षण समितिको शैक्षिक सत्र २०८२/२०८३ मा १२ वटा बैठकहरू भएका छन् । संरक्षक समितिको महत्त्वपूर्ण निर्णयहरू निम्नानुसार रहेका छन्:

१. २०८२/०५/०३ गतेको निर्णयबाट बागमती विश्वविद्यालयको विधान, २०८१ को दफा २१ को उपदफा (४) मा भएको व्यवस्था अनुसार राष्ट्रिय वाणिज्य बैङ्क, हेटौँडा शाखामा बागमती विश्वविद्यालय, हेटौँडामा विश्वविद्यालय कोष खाता खोल्ने निर्णय गरियो । उक्त खाताको सञ्चालन सोही दफाको उपदफा (५) मा भएको व्यवस्थाअनुसार विश्वविद्यालयका अध्यक्ष प्रा. डा. चन्द्रमणि पौडेल र संरक्षक समितिका सदस्य डा. कुसुमराज सुवेदीज्यूको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो ।

२. मिति २०८२/०५/१९ गते कार्यकारी परिषद्को मिति २०८२/०५/१५ गतेको निर्णयबाट सिफारिस भई आए बमोजिम मिति २०८२ साउन १ गतेदेखि लागु हुने गरी नेपाल सरकार र बागमती प्रदेश सरकारबाट स्वीकृत तलबमानका आधारमा बागमती विश्वविद्यालय, हेटौँडाको शिक्षण सेवा, प्रशासन सेवा र तहविहीन पदमा नियुक्ति हुने जनशक्तिहरूको तलबमान मिति २०८२ साउन १ गतेदेखि लागु गर्ने, विश्वविद्यालयका सबै पदाधिकारी, शिक्षक, कर्मचारीहरूलाई महङ्गी भत्ताबापत मासिक रू. ५,०००।- (पाँच हजार रूपैयाँ) उपलब्ध गराउने, विश्वविद्यालयका सबै कर्मचारीहरूलाई पोशाक भत्ताबापत वार्षिक रू. १०,०००। (दश हजार रूपैयाँ) उपलब्ध गराउने निर्णय गरियो ।

३. कार्यकारी परिषद्को मिति २०८२/०७/२३ गतेको प्रदेश उच्च शिक्षा परिषद्बाट स्वीकृत आङ्गिक क्याम्पस छनोट सम्बन्धी मापदण्ड, २०८२ बमोजिम छनोट भएका ६ वटा क्याम्पसहरूलाई आङ्गिक क्याम्पसको रूपमा समायोजन गर्न स्वीकृतिका लागि बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, हेटौँडा पठाउने निर्णय गरियो ।

४. मिति २०८२/०८/१९ गते विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८२/०८/१८ गतेको निर्णय बमोजिम पेस हुन आएको प्रस्तावबमोजिमका क्याम्पसहरूलाई यस विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा सञ्चालन गर्न सम्झौता गर्ने प्रस्ताव स्वीकृत गर्ने निर्णय भयो ।

   तपसिल :

   (क) जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ ।

   (ख) कपन बहुमुखी क्याम्पस, कपन, काठमाडौँ ।

   (ग) भुवानीशङ्कर बहुमुखी कलेज, खैरहनी, चितवन ।

   (घ) चैतन्य बहुमुखी क्याम्पस, बनेपा, काभ्रे ।

   (ङ) माडी क्याम्पस, माडी, चितवन ।

५. मिति २०८२/०९/१० गते कार्यकारी परिषद्बाट स्वीकृतिका लागि प्रस्ताव भइआएको "बागमती विश्वविद्यालय कार्यक्रम सञ्चालन खर्चको मापदण्ड, २०८२" स्वीकृत गर्ने निर्णय गरियो ।
६. मिति २०८२/०९/१० गतेको निर्णयबाट मिति २०८२/०५/२४ को आगलागी घटनामा परी संरक्षक समितिको माइन्युट नष्ट भएकाले उपलब्ध फोटोकपी, कम्प्युटर कपीहरूलाई प्रमाणीकरण गरी ऐतिहासिक दस्तावेजको रूपमा राख्ने निर्णय गरियो । प्रमाणीकरण अध्यक्ष र कम्तीमा २ जना सदस्यहरूको हस्ताक्षरबाट गर्ने निर्णय गरियो ।
७. मिति २०८२/०९/२३ गते विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८२/०९/२२ गतेको निर्णय बमोजिम पेस हुन आएको प्रस्ताव उपर छलफल हुँदा हेटौंडा क्याम्पस हेटौंडा, मकवानपुरलाई यस विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा सञ्चालन गर्न सम्झौता गर्ने प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।
८. मिति २०८२/०९/२३ गते विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८२/०९/२२ गतेको निर्णय बमोजिम प्रस्ताव भइआएको बागमती विश्वविद्यालय शिक्षक नियुक्ति, पदोन्नति एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ र बागमती विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नति एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।
९. मिति २०८२/११/०४ गते विश्वविद्यालय कार्यकारी परिषद्बाट पेस भएबमोजिम विश्वविद्यालय केन्द्रीय कार्यालय, डिन कार्यालयहरू, महाविद्यालयहरू र ६ वटा आङ्गिक क्याम्पसहरूका लागि विश्वविद्यालयको विधान, २०८१ को दफा ९ (१) (ञ) को व्यवस्था अनुसार तत्कालका लागि आवश्यक दरबन्दी स्वीकृत गर्ने निर्णय भयो ।
१०. मिति २०८२/१२/०५ गते विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८२/१२/०३ को निर्णयबाट पेस हुन आएको शिक्षक समायोजन सम्बन्धी प्रस्तावमा छलफल हुँदा बागमती प्रदेश सरकारको मिति २०८२/०८/०९ को निर्णयबमोजिम आङ्गिक क्याम्पसको रूपमा समायोजन हुन आएका क्याम्पसहरूमा कार्यरत शिक्षकहरूलाई संरक्षक समितिबाट मिति २०८२/११/०४ मा स्वीकृत भएको दरबन्दी तेरिजको अधिनमा रही विश्वविद्यालय र क्याम्पसहरूबीच मिति २०८२/०८/२६ र मिति २०८२/०९/२८ मा भएको सम्झौतासमेतका आधारमा बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को दफा १२८ (ख) एवम् बागमती विश्वविद्यालय शिक्षक नियुक्ति, पदोन्नति एवम् समायोजन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिम समायोजन गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।
११. मिति २०८२/१२/०५ गते विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८२/१२/०३ को निर्णयबाट पेस हुन आएको कर्मचारी समायोजन सम्बन्धी

प्रस्तावमा छलफल हुँदा बागमती प्रदेश सरकारको मिति २०८२/०८/०९ को निर्णयबमोजिम आङ्गिक क्याम्पसको रूपमा समायोजन हुन आएका क्याम्पसहरूमा कार्यरत कर्मचारीहरूलाई संरक्षक समितिबाट मिति २०८२/११/०४ मा स्वीकृत भएको दरबन्दी तेरिजको अधिनमा रही विश्वविद्यालय र क्याम्पसहरूबीच मिति २०८२/०८/२६ साथै मिति २०८२/०९/२८ मा भएको सम्झौतासमेतका आधारमा बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को दफा १२८ (ख) एवम् बागमती विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नति एवम् समायोजन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिम समायोजन गर्न स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

१२. मिति २०८२/१२/२३ गते विश्वविद्यालय कार्यकारी परिषद्को मिति २०८२/१२/१९ को निर्णयबाट पेस हुन आएको कर्मचारी समायोजन सम्बन्धी प्रस्तावमा छलफल हुँदा बागमती प्रदेश सरकारको मिति २०८२/०८/०९ को निर्णयबमोजिम आङ्गिक क्याम्पसको रूपमा समायोजन हुन आएका क्याम्पसहरूमा कार्यरत कर्मचारीहरूलाई संरक्षक समितिबाट मिति २०८२/११/०४ मा स्वीकृत भएको दरबन्दी तेरिजको अधिनमा रही विश्वविद्यालय र क्याम्पसहरूबीच मिति २०८२/०८/२६ र मिति २०८२/०९/२८ मा भएको सम्झौतासमेतका आधारमा बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को दफा १२८ (ख) एवम् बागमती विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नति एवम् समायोजन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ बमोजिम समायोजन गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

१३. मिति २०८२/१२/२३ गतेको निर्णयमा मिति २०८३/०१/२८ गते बागमती प्रदेश सरकार मन्त्री परिषद्ले बागमती विश्वविद्यालयको विधान, २०८१ मा पहिलो संशोधन गरी "मूल विधानको लामो नामसहित ठाँउ ठाँउमा रहेका बागमती प्रदेश विश्वविद्यालय भन्ने शब्दहरूको सट्टा बागमती विश्वविद्यालय भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको छ" भनी मिति २०८२ साल चैत २४ गते प्रदेश राजपत्रमा प्रकाशित भएबमोजिम विश्वविद्यालयको नाम, प्रतीक चिन्ह (Logo) र छापमा परिवर्तन गरी प्रचलन गर्न स्वीकृतिका लागि कार्यकारी परिषद्को मिति २०८३/०१/२२ को निर्णयबाट पेस हुन आएकोले बागमती विश्वविद्यालयको विधान, २०८१ को दफा ३९ को व्यवस्थाअनुसार देहाय अनुसार हुने गरी तोक्ने निर्णय गरियो ।

**विश्वविद्यालयको नाम** : बागमती विश्वविद्यालय

**प्रतीक चिन्ह** (Logo): हाल कायम रहेको विश्वविद्यालयको प्रतीक चिन्ह (Logo) को षडकोणभित्र रहेको प्रदेश जनाउने अक्षरहरू प्र. र P हटाई बाँकी स्वरूप यथावत राखी प्रतीक चिन्ह (Logo) बनाउने ।

**छाप :** हाल कायम रहेको विश्वविद्यालयको छापमा रहेको प्रदेश र Province भन्ने शब्दहरू हटाउने साथै षटकोणभित्र रहेका प्र. र P भन्ने अक्षरहरू हटाइ छाप बनाउने । (अनुसूची - १)

१४. मिति २०८३/०२/०५ गते प्रदेश उच्च शिक्षा ऐन, २०७८ को दफा १३ बमोजिम गठित बागमती विश्वविद्यालय संरक्षक समितिका पदाधिकारीहरूको कार्यकाल सोही दफाको उपदफा (५) बमोजिम गोलाप्रथाबाट निर्धारण गरी निम्नानुसार कायम गर्ने निर्णय गरियो ।

| क्र. सं. | सदस्यको नामथर | वर्ष |
|---|---|---|
| १. | प्रा.डा. चन्द्रमणि पौडेल | ६ |
| २. | प्रा. डा. प्रेम नारायण अर्याल | ४ |
| ३. | श्री बच्चुराम अधिकारी | ६ |
| ४. | श्री कृष्ण कटुवाल | २ |
| ५. | श्री नुररानी ढुङ्गेल | ४ |
| ६. | श्री किरणचन्द्र दाहाल | २ |
| ७. | श्री रामप्रसाद रिमाल | ६ |
| ८. | डा. कुसुमराज सुवेदी | ४ |

१५. मिति २०८३/०२/०५ गते बागमती विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी विनियम, २०८२ को विनियम ३४ (३) बमोजिमको अन्तर्राष्ट्रिय सम्बन्ध तथा जनसम्पर्क केन्द्रको निर्देशक पदमा नियुक्ति प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन कार्यकारी परिषद्को मिति २०८३/०१/२२ को निर्णयबाट प्रस्ताव भइ आएको बागमती विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्बन्ध तथा जनसम्पर्क केन्द्रको निर्देशक सिफारिस सम्बन्धी मापदण्ड, २०८३ लाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

१६. मिति २०८३/०२/०५ गते बागमती विश्वविद्यालय विधान, २०८१ को दफा २३ बमोजिमको सेवा आयोगको अध्यक्ष र सदस्य पदमा नियुक्ति प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन विश्वविद्यालय कार्यकारी परिषद्बाट प्रस्ताव भइ आएको बागमती विश्वविद्यालय सेवा आयोगका अध्यक्ष र सदस्य सिफारिस सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

१७. मिति २०८३/०२/२५ गते विश्वविद्यालयको यस वार्षिक दिवस बैठकमा विश्वविद्यालयमा हालसम्म भए गरेका विभिन्न कार्यहरूको समीक्षा गरियो ।

## प्राज्ञिक परिषद्का महत्त्वपूर्ण निर्णयहरू

आर्थिक वर्ष २०८२/०८३ मा बागमती विश्वविद्यालय प्राज्ञिक परिषद्का ७ वटा बैठकहरू भएका छन् । प्राज्ञिक परिषद्का मुख्य निर्णयहरू निम्नानुसार छन्:

१. प्राज्ञिक परिषद्को मिति २०८२/०४/०१ गतेको निर्णयबाट स्नातक तह शिक्षाशास्त्र कार्यक्रम/विषयको स्वीकृत पाठ्यक्रम प्रारूपको आधारमा तपसिलका पाठ्यक्रमको मस्यौदा दुई महिनाभित्र तयार गरी पेस गर्न देहायका सम्बन्धित विषय विज्ञहरूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

तपसिल :

- Applied Horticulture and Floriculture
- Applied Electrical and Electronics
- General Cook /Baker
- Digital Skills

२. मिति २०८२/०८/१४ गते BIT कार्यक्रमलाई विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत राख्ने निर्णय गरियो ।

३. मिति २०८२/०८/१४ गते शिक्षा तथा सामाजिक विज्ञान सङ्कायअन्तर्गत शिक्षाशास्त्र स्नातक तह (B.Ed.) को Vocational (Life Skills) ऐच्छिक तर्फका निम्न पाठ्यक्रमहरू स्वीकृत गर्ने निर्णय गरियो ।

- Applied Horticulture and Floriculture
- Applied Electrical and Electronics
- General Cook /Baker
- Digital Skills

४. मिति २०८२/१०/१२ गते Master in Development Management विषयको पाठ्यक्रमको मस्यौदा तयार पार्न समिति गठन गर्ने निर्णय गरियो ।

५. मिति २०८२/१०/१९ गते Master in Development Management विषयको पाठ्यक्रम मस्यौदा समितिले पेस गरेको पाठ्यक्रम संरचना प्रारूप पारित गर्ने निर्णय गरियो ।

६. मिति २०८२/१०/२१ गते तपसिल बमोजिमको शैक्षिक उपाधि स्थापना गर्ने निर्णय गरियो ।

**(क) व्यवस्थापन तथा कानुन सङ्काय अन्तर्गत**

१. स्नातकोत्तर तह जोखिम तथा बिमा व्यवस्थापन (Master in Risk and Insurance Management-MRIM), दुई वर्षे, चार सेमेष्टर, क्रेडिट घण्टा - ६३

२. स्नातक तह वाणिज्य व्यवस्थापन (Bachelor in Business Administration-BBA), चार वर्षे, आठ सेमेष्टर, क्रेडिट घण्टा - १२०

३. स्नातक तह कानुन (Bachelor in Legum Baccalaureus-LL.B), तिन वर्षे, वार्षिक प्रणाली, पूर्णाङ्क - १९००

**(ख) विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत**

- स्नातक तह सूचना प्रविधि (Bachelor in Information Technology-BIT), चारवर्षे, आठ सेमेष्टर, क्रेडिट घण्टा - १२४

**(ग) शिक्षाशास्त्र तथा सामाजिक विज्ञान सङ्काय अन्तर्गत**

- स्नातक तह शिक्षा (Bachelor in Education-BEd), चार वर्षे, आठ सेमेष्टर, क्रेडिट घण्टा - १४४

७. मिति २०८२/१०/२१ गते हाललाई जनमैत्री क्याम्पस, कुलेश्वर परिसरमा व्यवस्थापन महाविद्यालय सञ्चालन गर्ने र सो अन्तर्गत MRIM को शैक्षिक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

८. मिति २०८२/१०/२१ गते तपसिलबमोजिमका क्याम्पसहरूमा निम्नबमोजिमका कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल :**

क) कपन क्याम्पस - BBA, B.Ed र BIT

ख) चैतन्य क्याम्पस - B.Ed र BIT

ग) जनमैत्री क्याम्पस - BBA, B.Ed, BIT र LLB

घ) भुवानीशङ्कर क्याम्पस - BBA, B.Ed, BIT र LLB

ङ) माडी क्याम्पस - BBA र BEd

च) हेटौँडा क्याम्पस - BBA, B.Ed र LLB

९. मिति २०८२/११/१२ गते डिनको कार्यालयबाट प्रस्ताव गरिएको विश्वविद्यालयको स्नातक तह सेमेष्टर प्रणालीअन्तर्गतका शैक्षिक कार्यक्रमहरू BBA, BPM, BIT र BEd का लागि आन्तरिक मूल्याङ्कन कार्यविधि (Guidelines) छलफल गरी पारित गर्ने निर्णय गरियो ।

१०. मिति २०८२/११/१२ गते विश्वविद्यालयमा सञ्चालित स्नातक तहका शैक्षिक कार्यक्रमहरू BBA, BPM, BIT र BEd का लागि डिनको कार्यालयबाट प्रस्तावित अन्तिम परीक्षा (Board Examinations) प्रश्नपत्र संरचना छलफल गरी पारित गर्ने निर्णय गरियो ।

११. मिति २०८२/११/१२ गते विश्वविद्यालयमा सञ्चालन गरिने तिन वर्षे वार्षिक प्रणालीअन्तर्गतको LLB शैक्षिक कार्यक्रमका लागि मान्यता प्राप्त विश्वविद्यालयबाट जुनसुकै विषयमा स्नातक तहमा कम्तीमा ४० प्रतिशत अङ्क वा ग्रेडिङ प्रणालीअन्तर्गत उत्तीर्ण विद्यार्थीहरू योग्य हुने निर्णय गरियो ।

१२. मिति २०८३/०३/१५ गते बागमती विश्वविद्यालयमा तयार गरिएको "Bachelor in Pharmaceuticals" विषयको नाम परिवर्तन गरी "Bachelor of Pharmacy (B. Pharm)" राख्ने निर्णय गरियो ।

१३. मिति २०८३/०३/१५ गते पूर्ण बैठकबाट बागमती विश्वविद्यालयमा सञ्चालित सबै सङ्कायका तपसिलका शैक्षिक कार्यक्रमहरू अनुमोदन (De-Facto Approval) गर्ने निर्णय गरियो ।

| Faculty | Program | Program Duration |
|---|---|---|
| Faculty of Management & Law | Bachelor in Business Administration (BBA) | Eight Semesters (Four Years) Bachelor Degree |
| | Bachelor in Hotel Management (BHM) | Eight Semesters (Four Years) Bachelor Degree |
| | Bachelor in Public Sector Management (BPM) | Eight Semesters (Four Years) Bachelor Degree |
| | Legum Baccalaureus (LL.B) | Three Years Annual Bachelor |

| Faculty | Program | Program Duration |
|---|---|---|
| | | Degree |
| | Bachelor of Arts & Legislative Law (BALLB) | Ten Semesters (Five Years) Bachelor Degree |
| | Master in Risk & Insurance Management (MRIM) | Four Semesters (Two Years) Masters Degree |
| | Master in Business Administration (MBA) | Four Semesters (Two Years) Masters Degree |
| Faculty of Science & Technology | Bachelor in Civil Engineering (BE Civil) | Eight Semesters (Four Years) Bachelor Degree |
| | Bachelor in Computer Engineering (BE Computer) | Eight Semesters (Four Years) Bachelor Degree |
| | Bachelor in Information Technology (BIT) | Eight Semesters (Four Years) Bachelor Degree |
| | Bachelor in Environment Engineering & Waste Management | Eight Semesters (Four Years) Bachelor Degree |
| | Bachelor in Nursing (BSC Nursing) | Eight Semesters (Four Years) Bachelor Degree |
| | Bachelor in Pharmacy (B. Pharm) | Eight Semesters (Four Years) Bachelor Degree |
| Faculty of Education & Social Science | Bachelor in Education (B. Ed.) | Eight Semesters (Four Years) Bachelor Degree |

१४. मिति २०८३/०३/१५ गते डिनद्वारा पेस गरिएको तपसिलको पाठ्यक्रम तयारीको स्थिति अनुमोदन गर्ने निर्णय गरियो ।

| Faculty | Program | Status |
|---|---|---|
| Faculty of Management & Law | Bachelor in Business Administration (BBA) | ✓ Yes |
| | Bachelor in Hotel Management (BHM) | ✓ Yes (till 4th Sem) |
| | Bachelor in Public Sector Management (BPM) | ✓ Yes |
| | Legum Baccalaureus (LL.B) | ✓ Yes |
| | Bachelor of Arts & Legislative Law (BALLB) | ✓ Yes |
| | Master in Risk & Insurance Management (MRIM) | ✓ Yes |
| | Master in Business Administration (MBA) | ✓ Yes (Partial) |
| Faculty of Science & Technology | Bachelor in Civil Engineering (BE Civil) | ✓ Yes |
| | Bachelor in Computer Engineering (BE Computer) | ✓ Yes |

| Faculty | Program | Status |
|---|---|---|
| | Bachelor in Information Technology (BIT) | ✓ Yes |
| | Bachelor in Environment Engineering & Waste Management | ✓ Yes |
| | Bachelor in Pharmacy (B. Pharma) | ✓ Yes |
| Faculty of Education & Social Science | Bachelor in Education (B. Ed.) | ✓ Yes |

१५. मिति २०८३/०३/१५ गते डिनद्वारा पेस गरिएको मूल्याङ्कन ढाँचा स्वीकृत गरियो ।

| Faculty | Program | Evaluation Scheme |
|---|---|---|
| Faculty of Management & Law | BBA | 60 marks -Written Semester End Exam<br>40 marks -Internal Exam<br>Practicum on Business Communication (no written exam)<br>Practical External Examination - 60 marks |
| Faculty of Science & Technology | BIT | 60 marks -Written Semester End Exam<br>40 marks - Internal Exam (30 marks subject faculty + 10 marks external practical) |
| Faculty of Education & Social Science | B. Ed. | 60 marks -Written Semester End Exam<br>40 marks- Internal Exam<br>30 marks- Written Exam for Digital Skills for Teachers<br>30 marks-Practical on Digital Skills for Teachers (External Examiner) |

१६. मिति २०८३/०३/१५ गते विद्यार्थीहरूको मूल्याङ्कन गर्न तपसिलको Grading Scale and Performance Descriptors स्वीकृत गरियो ।

| Marks (%) | Grade | Grade Points | Descriptor | Description | Status |
|---|---|---|---|---|---|
| 90-100 | **A+** | 4.0 | **Outstanding** | Exceptional mastery of learning outcomes. | **Pass** |
| 80 - 89 | **A** | 3.6 | **Excellent** | Demonstrates comprehensive understanding with very high performance. | **Pass** |
| 70 – 79 | **B+** | 3.2 | **Very Good** | Exhibits solid grasp of concepts with above-average performance. | **Pass** |

| Marks (%) | Grade | Grade Points | Descriptor | Description | Status |
|---|---|---|---|---|---|
| 60 – 69 | **B** | 2.6 | **Good** | Achieves learning outcomes with consistent, competent performance. | **Pass** |
| 50 – 59 | **C** | 2.0 | **Satisfactory** | Basic understanding demonstrated; meets minimum expected standards. | **Pass** |
| Below 50 | **U** | - | **Ungraded** | Insufficient performance; re-evaluation or grade improvement required. | **Reappear** |

** U grade is not counted in Grade Point Calculation.*
** Minimum passing marks: 50%.*
** Maximum GPA: 4.0.*

कुनै पनि विद्यार्थीले कुनै विषयमा Ungraded भएमा सो विद्यार्थीले ३ पटकसम्म सोही विषयको परीक्षा दिन पाउने छ ।

सेमेस्टर ग्रेड प्वाइन्ट औसत तपसिल बमोजिम गणना गर्ने निर्णय गरियो ।

**SGPA = Σ (Credit Hours × Grade Points) ÷ Σ (Credit Hours)**

*The U grade is excluded from GPA calculation. Maximum achievable SGPA is 4.0.*

१७. मिति २०८३/०३/१५ गते डिनद्वारा पेस गरिएको बागमती विश्वविद्यालयमा सञ्चालित कार्यक्रमहरूको भर्ना तथा अन्तिम परीक्षाको नतिजा तपसिल बमोजिम रहेको जानकारी गराइयो ।

**परीक्षा परिणामको स्थिति**

| Faculty | Program | Appeared | Graded | Ungraded |
|---|---|---|---|---|
| Faculty of Management & Law | BBA | 124 | **90** | **34** |
| Faculty of Science & Technology | BIT | 62 | **49** | **13** |
| Faculty of Education & Social Science | B. Ed. | 160 | | |
| | Compulsory | 160 | **159** | **1** |
| | English | 66 | **50** | **16** |
| | Nepali | 87 | **71** | **16** |
| | Science | 3 | **3** | **-** |
| | Mathematics | 5 | **5** | **-** |
| | Social Studies | 160 | **153** | **7** |
| | Vocational Skills | 160 | **158** | **2** |

१८. मिति २०८३/०३/१५ गते सेमेस्टर अन्तिम परीक्षाको तपसिलबमोजिमको Semester end grade sheet स्वीकृत गरियो ।

**BAGMATI UNIVERSITY**
Office of the Dean

**GRADE SHEET**

**Name of Student:** **Level:**

**B.U. Regd. No.:** **Symbol No.:**

**Campus:** **Semester/Batch:**

**Program:** **Exam Held in:**

| SN | Course Code | Course Title | Cr. Hrs. | GPA | Grade | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | | | | | | |
| 2 | | | | | | |
| 3 | | | | | | |
| 4 | | | | | | |
| 5 | | | | | | |
| 6 | | | | | | |

**Total credits earned:**

**Semester Grade Point Average:**

**Remarks:**

Checked by: ........................................ ..............................................
Dean

## कार्यकारी परिषद्का महत्त्वपूर्ण निर्णयहरू

आर्थिक वर्ष २०८२/०८३ मा बागमती विश्वविद्यालयका कार्यकारी परिषद्का ४२ वटा बैठकहरू भएका छन् । परिषद्का मुख्य निर्णयहरू निम्नानुसार रहेका छन् :

१. कार्यकारी परिषद्को मिति २०८२/०५/०४ गतेको बागमती विश्वविद्यालयको विधान, २०८१ को दफा २१ को उपदफा (७) मा भएको व्यवस्था अनुसार राष्ट्रिय वाणिज्य बैङ्क, हेटौँडा शाखामा बागमती विश्वविद्यालय, हेटौँडाको सञ्चालन खाता (खर्च खाता), धरौटी खाता र अन्य कोष खाता (विविध खाता) खोल्ने निर्णय गरियो । साथै उक्त सञ्चालन खाता (खर्च खाता), धरौटी खाता र अन्य कोष खाता (विविध खाता) यस विश्वविद्यालयका उपाध्यक्ष (डा. कुसुमराज

सुवेदी) र लेखा प्रमुख (श्री इन्द्र प्रसाद अधिकारी) को संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो ।

२. मिति २०८२/०५/१५ गतेको निर्णयबाट मिति २०८२ साउन १ गतेदेखि लागु हुने गरी नेपाल सरकार र बागमती प्रदेश सरकारबाट स्वीकृत तलबमानका आधारमा बागमती विश्वविद्यालय, हेटौंडाको शिक्षण सेवा, प्रशासन सेवा र तहविहीन स्तरको पदमा नियुक्ति हुने जनशक्तिहरूको तलबमान मिति २०८२ साउन १ गतेदेखि लागु हुने गरी बागमती प्रदेश विश्वविद्यालयको विधान, २०८१ को दफा ९(१) (ठ) को व्यवस्था अनुसार स्वीकृत गर्न संरक्षक समितिसमक्ष सिफारिस गर्ने निर्णय गरियो ।

३. मिति २०८२/०५/१५ गतेको निर्णयबाट मिति २०८२ साउन १ गतेदेखि लागु हुने गरी बागमती प्रदेश सरकारबाट स्वीकृत महङ्गी भत्ता बमोजिम विश्वविद्यालयका सबै पदाधिकारी, शिक्षक, कर्मचारीहरूलाई महङ्गी भत्ता बापत मासिक रू. ५,०००/- (पाँच हजार रूपैयाँ) उपलब्ध गराउने सम्बन्धी प्रस्ताव बागमती विश्वविद्यालयको विधान, २०८१ को दफा ९ (१) (ठ) को व्यवस्था अनुसार स्वीकृतिका लागि संरक्षक समितिमा पेस गर्ने निर्णय गरियो ।

४. मिति २०८२/०५/१५ गतेको निर्णयबाट मिति २०८२ साउन १ गतेदेखि लागु हुने गरी बागमती प्रदेश सरकारबाट स्वीकृत पोशाक भत्ता बमोजिम विश्वविद्यालयका सबै कर्मचारीहरूलाई पोसाक भत्ता बापत वार्षिक रू. १०,०००-(दशहजार रूपैयाँ) उपलब्ध गराउने सम्बन्धी प्रस्ताव बागमती विश्वविद्यालयको विधान, २०८१ को दफा ९(१) (ठ) को व्यवस्था अनुसार स्वीकृतिका लागि संरक्षक समितिमा पेस गर्ने निर्णय गरियो ।

५. मिति २०८२/०६/०२ गते चालु आ.व. २०८२/२०८३ मा यस विश्वविद्यालयको लागि सामाजिक विकास मन्त्रालयमा विनियोजन भएको चालु तथा पुँजीगत बजेटबाट देहाय बमोजिमको कार्यक्रमगत बजेट बाँडफाट सहित PLMBIS मा प्रविष्टि हुने प्रयोजनका लागि सामाजिक विकास मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

६. मिति २०८२/०७/२४ गते चैतन्य बहुमुखी क्याम्पस बनेपा काभ्रेको विस्तृत लेखापरीक्षण (Due Diligence Audit) गरी प्रतिवेदनसमेत पेस हुन आवश्यक देखिएकोले उक्त कार्य गर्न विश्वविद्यालयको आफ्नै जनशक्ति नभएकोले प्रचलित सार्वजनिक खरीद कानुन बमोजिम परामर्श सेवा खरीद गरी विस्तृत लेखा परीक्षण प्रतिवेदन तयार गर्ने निर्णय गरियो ।

७. मिति २०८२/०८/१८ गते बागमती प्रदेश सरकारबाट मिति २०८२/०८/०९ को निर्णय बमोजिम बागमती प्रदेश विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा सञ्चालन गर्न स्वीकृत प्राप्त तपसिलबमोजिमका ६ वटा सामुदायिक क्याम्पसहरूमध्ये हेटौँडा क्याम्पस हेटौँडा मकवानपुरबाट हाल उक्त प्रक्रिया उपर क्याम्पस व्यवस्थापन समिति छलफलको क्रममा रहेको र छलफलपश्चात् थप जानकारी गराउने भन्ने पत्र प्राप्त भएकाले हाललाई

हेटौँडा क्याम्पस बाहेकका ५ वटा क्याम्पसहरूसँग सम्झौता गर्न स्वीकृतिका लागि विश्वविद्यालय संरक्षक समितिमा प्रस्ताव पेस गर्ने निर्णय गरियो । हेटौँडा क्याम्पसको हकमा सो क्याम्पसबाट पत्र प्राप्त भएपश्चात् निर्णय गर्ने समेत निर्णय गरियो ।

तपसिल :

- जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ ।
- कपन बहुमुखी क्याम्पस, कपन, काठमाडौँ ।
- भुवानीशङ्कर बहुमुखी कलेज, खैरहनी, चितवन ।
- चैतन्य बहुमुखी क्याम्पस, बनेपा, काभ्रे ।
- माडी क्याम्पस, माडी, चितवन ।

८. मिति २०८२/०८/२१ गते स्नातक तह विषयगत शुल्क निर्धारण गरियो ।

| बागमती विश्वविद्यालयका स्नातक तहका कार्यक्रमहरूमा निम्नानुसार शुल्क निर्धारण गर्ने निर्णय गरियो । | | |
|---|---|---|
| Bagmati Province University | Programs | Fee |
| | BBA | 320,000 |
| | BHM | 440,000 |
| | BPM | 300,000 |
| | BALLB | 450,000 |
| | LLB | 120,000 |
| | BIT | 320,000 |
| | B. Ed. | 250,000 |
| Note: 20% discount on the fee for this year batch | | |
| 10% seats are reserved for scholarship | | |

९. मिति २०८२/०८/२१ गते विद्यार्थी भर्ना कोटा निर्धारण

बागमती प्रदेश विश्वविद्यालयअन्तर्गतका सङ्कायहरूका विषयहरूमा तपसिल बमोजिम विद्यार्थी भर्ना कोटा निर्धारण गर्ने निर्णय गरियो :

| **क.स.** | **कार्यक्रम** | **शुल्कीय सङ्ख्या** | **छात्रवृत्ति सङ्ख्या** | **जम्मा सङ्ख्या** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | BBA | ४० | ४ | ४४ | |
| २. | BPM | ४० | ४ | ४४ | |
| ३. | BHM | ४० | ४ | ४४ | |
| ४. | BALLB | ४५ | ५ | ५० | |
| ५. | LLB | ४५ | ५ | ५० | |
| ६. | B Ed | ५० | ५ | ५५ | |
| ७. | BIT | ४० | ४ | ४४ | |

१०. मिति २०८२/०९/२२ गते बागमती प्रदेश सरकारबाट मिति २०८२/०८/०९ को निर्णय बमोजिम बागमती प्रदेश विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा सञ्चालन गर्न स्वीकृत प्राप्त हेटौँडा क्याम्पस,

हेटौँडा मकवानपुरसँग सम्झौता गर्न स्वीकृतिका लागि विश्वविद्यालय संरक्षक समितिमा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

११. मिति २०८२/०९/२२ बागमती विश्वविद्यालय शिक्षक नियुक्ति, पदोन्नति एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ र बागमती विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नति एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ कार्यकारीबाट निर्णय गरी स्वीकृतिका लागि संरक्षक समितिमा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

१२. मिति २०८२/०९/२४ गते को निर्णयबाट मिति २०८२ साल जेठ २४ मा कार्यकारी परिषद्द्वारा गठित समितिबाट विश्वविद्यालयको UMIS सफ्टवेयर निर्माण गर्ने सम्बन्धी प्राप्त हुन आएको अनुमानित लागत सहितको Term of Reference (TOR), Expression of Interest (EOI) Document र मूल्याङ्कनका आधार (Evaluation Criteria and Evaluation Sheet for the Consulting Firm) हरू स्वीकृत गर्ने निर्णय गरियो ।

१३. मिति २०८२/०९/२४ गते बागमती प्रदेश विश्वविद्यालय आर्थिक प्रशासनसम्बन्धी विनियम २०८२ को विनियम १६४ को उप विनियम (१) बमोजिम विश्वविद्यालयको UMIS सफ्टवेयर निर्माणका लागि परामर्श सेवा खरिद गर्न खुला रूपमा १५ दिनको अवधि दिई आशयपत्र (Expression of Interest (EOI)) माग गर्ने निर्णय गरियो ।

१४. मिति २०८२/०९/२६ गते बागमती प्रदेश सरकारको मिति २०८२/०८/०९ गतेको निर्णयबाट आङ्गिक क्याम्पस सञ्चालन स्वीकृत प्राप्त भएसँगै विश्वविद्यालयको दैनिक प्रशाासनिक कार्य र अन्य व्यवस्थापकीय जिम्मेवारी थप भएको साथै तत्काल कार्यालय सरसफाइ र कार्यालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने जनशक्ति आवश्यक भएकाले र बागमती विश्वविद्यालय आर्थिक प्रशासन सम्बन्धी विनियम, २०८२ विनियम १८७, बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ विनियम १५ र बागमती विश्वविद्यालय कर्मचारी, नियुक्ति, पदोन्नति एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ को विनियम ४० (ख) बमोजिम संरक्षक समितिबाट स्वीकृत बागमती विश्वविद्यालय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०८१ मा उल्लिखित दरबन्दी तेरिजअनुसार कार्यालय सहयोगी ३ जना, सरसफाइकर्मी २ जना, सहायक स्तर पाँचौं वा सो सरहको कम्प्युटर अपरेटर ३ जना र हलुका सवारी चालक थप १ जना सेवा करारमा लिने निर्णय गरियो ।

१५. मिति २०८२/०९/२६ गते संरक्षक समितिवाट स्वीकृत बागमती विश्वविद्यालय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०८१ मा उल्लिखित दरबन्दी तेरिजअनुसार बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को विनियम १५ (१) बमोजिम देहायका पदमा करार सेवामा कर्मचारी पदपूर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

(क) अधिकृत स्तर प्रशासन सातौं, सङ्ख्या १

(ख) अधिकृत स्तर लेखा सातौं, सङ्ख्या १
(ग) अधिकृत स्तर सूचना प्रविधि अधिकृत सातौं, सङ्ख्या १
(घ) सहायक अधिकृत सहायक स्तर पाचौं सङ्ख्या २

१६. मिति २०८२/१०/१२ गते विश्वविद्यालयमा स्नातकोत्तर तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रमहरूको शुल्क निम्नानुसार निर्धारण गर्ने निर्णय गरियो :

(क) Master in Risk and Insurance Management- व्यक्तिगत रू. ४,००,०००/- संस्थागत रू.५,००,०००/-

(ख) Master in Development Management - रू. ३,२०,०००/-

१७. मिति २०८२/१०/१८ गतेको निर्णयबाट मिति २०८२/०८/०९ को प्रदेश सरकार मन्त्रीपरिषद्को निर्णयबमोजिम बागमती विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा समायोजन हुन आउने क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा तपसिलबमोजिम गर्ने निर्णय गरियो ।

(क) बागमती विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा समायोजन सम्झौता भएपछि उक्त क्याम्पसहरूमा बागमती विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूमा मात्र विद्यार्थी भर्ना गरिने छ । अन्य विश्वविद्यालय र माध्यमिक विद्यालय तहका सबै शैक्षिक कार्यक्रमहरूमा विद्यार्थी भर्ना गरिने छैन ।

(ख) सम्झौताका मिति अगाडि क्याम्पसहरूमा भर्ना भैसकेका विद्यार्थीहरूले चाहेमा, सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरूमै रहेर सोही क्याम्पसअन्तर्गत शैक्षिक तह पूरा गर्ने सुविधा सम्बन्धन प्रदान गर्ने विश्वविद्यालयसँग समन्वय गरेर विद्यार्थीहरूलाई उपलब्ध गराइनेछ । यसको जिम्मेवारी बागमती विश्वविद्यालयको हुने छ ।

(ग) क्याम्पसहरूबाट शैक्षिकसत्र पूरा गरेका तर आंशिक परीक्षा दिने विद्यार्थीहरूको परीक्षा सम्बन्धी सबै कार्यहरू सोही क्याम्पसबाट पूर्ववत् सञ्चालन हुने व्यवस्था मिलाइने छ ।

(घ) शैक्षिक तह पूरा गरिसकेका विद्यार्थीहरूको हकमा उनीहरूको चारित्रिक प्रमाणपत्र, लब्धाङ्कपत्र, प्रतिलिपि एवम् आवश्यक अन्य सिफारिस उपलब्ध गराउने व्यवस्था पूर्ववत सोही क्याम्पसबाट हुने गरी एक छुट्टै निकायको व्यवस्था क्याम्पसमा गरिने छ ।

(ङ) माथि उल्लिखित पठनपाठन, परीक्षा, प्रमाणपत्र लगायतका विषयसँगसम्बन्धी कार्यहरूको जिम्मेवारी लिने गरी एक सहायक क्याम्पस प्रमुखको व्यवस्था क्याम्पसहरूमा गरिने छ ।

(च) माथि उल्लिखितबमोजिमको व्यवस्था आवश्यकता रहुन्जेल कायम रहने निर्णय गरियो ।

१८. मिति २०८२/१०/२९ गतेको निर्णयमा मिति २०८१/०६/१० को विश्वविद्यालय संरक्षक समितिको निर्णयबाट स्वीकृत भएका तपसिलबमोजिमका दरबन्दीको अतिरिक्त केन्द्रीय कार्यालय, महाविद्यालयहरू र

हाल समायोजन हुन आएका ६ वटा आङ्गिक क्याम्पसहरूका लागि मिति २०८२/१०/१२ मा कार्यकारी परिषद्द्वारा गठित विश्वविद्यालय सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले बुझाएको प्रतिवेदनअनुसार देहायबमोजिम शिक्षक तथा कर्मचारीहरूको थप दरबन्दी स्वीकृतिका लागि संरक्षक समितिमा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

१९. बागमती प्रदेश सरकार, मन्त्रीपरिषद्को मिति २०८२ मङ्सिर ९ को निर्णयबमोजिम बागमती विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा समायोजन भएको जनमैत्री क्याम्पस, कुलेश्वर काठमाडौँमा कार्यरत स्थायी शिक्षकहरूमध्ये डिनको कार्यालयबाट प्राप्त मूल्याङ्कन प्रतिवेदनका आधारमा प्रथम सेमेष्टरमा कक्षा शिक्षण गर्ने शिक्षकहरूलाई संरक्षक समितिबाट मिति २०८२/११/०४ मा स्वीकृत दरबन्दी तेरिजको अधिनमा रही विश्वविद्यालय र क्याम्पसहरूबीच मिति २०८२/०८/२६ मा भएको सम्झौतासमेतका आधारमा बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को विनियम १२८ (ख) र अनुसूची ४ बमोजिमको मापदण्ड एवम् बागमती विश्वविद्यालय शिक्षक नियुक्ति, पदोन्नति एवम् समायोजन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ (क), (ख) र (ग) को व्यवस्थाअनुसार मिति २०८२/०९/२० गतेदेखि लागु हुने गरी शिक्षकहरू समायोजन गर्न आवश्यक सहमतिका लागि लागि संरक्षक समितिमा पेस गर्ने निर्णय गरियो ।

२०. मिति २०८२/१२/०३ गते यस परिषद्को मिति २०८२/०९/२७ को निर्णयबाट गठित कर्मचारी समायोजन सिफारिस समितिले पेस गरेको प्रतिवेदनअनुसार संरक्षक समितिबाट मिति २०८२/११/०४ मा स्वीकृत दरबन्दी तेरिजको अधिनमा रही विश्वविद्यालय र क्याम्पसहरूबीच मिति २०८२/०८/२६ मा भएको सम्झौतासमेतका आधारमा बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को विनियम १२८ (ख) र अनुसूची ४ बमोजिमको मापदण्ड एवम् बागमती विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नति एवम् समायोजन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ को व्यवस्थाअनुसार मिति २०८२/०९/२० गतेदेखि लागु हुने गरी कर्मचारीहरू समायोजन गर्न आवश्यक सहमतिका लागि लागि संरक्षक समितिमा पेस गर्ने निर्णय गरियो ।

२१. मिति २०८२/१२/०३ गते विभिन्न शैक्षिक प्रशासनिक कार्यहरूमा संलग्न हुने विशेषज्ञहरूको पारिश्रमिक निर्धारण गरी स्वीकृतिका लागि संरक्षक समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

२२. मिति २०८२/१२/०९ गते बागमती विश्वविद्यालयअन्तर्गत सञ्चालित कार्यक्रमहरूमा परीक्षा सञ्चालन गर्नका लागि आवश्यक उत्तरपुस्तिका छपाइका लागि नेपालभित्रका अन्य विश्वविद्यालय तथा निकायहरूले प्रयोग गर्ने उत्तरपुस्तिकाको स्पेसिफिकेसनलाई आधार मानी यस विश्वविद्यालयले

उत्तरपुस्तिका छपाइका लागि तपसिल बमोजिमको स्पेसिफिकेसनलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | विवरण | मापदण्ड |
|---|---|---|
| 1. | Average Weight | 80GSM±2 |
| 2. | Average Thickness(micron) | 100±4 |
| 3. | Brightness | 84±2 |
| 4. | Opacity | 94±2 |
| 5. | Cobb value (Max) | 22gsm |
| 6. | Average moisture Content(%) | 5-8 |
| 7. | Size(cm) | 22.5x30.5 |
| 8. | Page | Main : 16<br>Additional :8 |
| 9. | Perforating | (Top of all page) |
| 10. | Paper | Maplitho |

२३. मिति २०८२/१२/१९ गते यस परिषद्को मिति २०८२/०९/२७ को निर्णयबाट गठित कर्मचारी समायोजन सिफारिस समितिले पेस गरेको प्रतिवेदनअनुसार संरक्षक समितिबाट मिति २०८२/११/०४ मा स्वीकृत दरबन्दी तेरिजको अधिनमा रही विश्वविद्यालय र क्याम्पसहरूबीच मिति २०८२/०८/२६ मा भएको सम्झौतासमेतका आधारमा बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवा सम्बन्धी विनियम, २०८२ को विनियम १२८ (ख) र अनुसूची ४ बमोजिमको मापदण्ड एवम् बागमती विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नति एवम् समायोजन सम्बन्धी कार्यविधि, २०८२ को दफा ५ को व्यवस्थाअनुसार मिति २०८२/०९/२० गतेदेखि लागु हुने गरी कर्मचारीहरू समायोजन गर्न आवश्यक सहमतिका लागि लागि संरक्षक समितिमा पेस गर्ने निर्णय गरियो ।

२४. मिति २०८२/१२/१९ गते बागमती विश्वविद्यालय प्राज्ञिक परिषद्मा विश्वविद्यालयको विधान, २०८१ को दफा १० बमोजिम तपसिलका सदस्यहरूलाई मनोनयन गर्ने निर्णय गरियो ।

**विधानको दफा १० (२) (ङ) बमोजिमका सदस्यहरू:**

१. डा. जगत कुमार श्रेष्ठ, इन्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय ।

२. डा. निलम सुवेदी, जनमैत्री क्याम्पस ।

३. श्री उपेन्द्र सुवेदी, भुवानीशङ्कर क्याम्पस ।

**विधानको दफा १० (२) (च) बमोजिमका सदस्यहरू:**

१. प्रा.डा. डिल्लीराज शर्मा, व्यवस्थापन सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

२. डा. विष्णु बस्याल, कानुन सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

**विधानको दफा १० (२) (छ) बमोजिमका सदस्यहरू:**

१. प्रा.डा. जनार्दन लामिछाने पूर्व डिन, काठमाडौं विश्वविद्यालय ।

२. प्रा. डा. रामप्रसाद खतिवडा, पूर्व डिन, त्रिभुवन विश्वविद्यालय ।

२५. मिति २०८२/१२/२४ गते बागमती विश्वविद्यालय संरक्षक समितिको मिति २०८२/१२/२३ को निर्णयबाट आङ्गिक क्याम्पसहरूमा कार्यरत स्थायी कर्मचारीहरूलाई विश्वविद्यालय सेवामा समायोजन गर्न सहमति प्राप्त भएबमोजिम समायोजन गरी बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासम्बन्धी विनियम, २०८२ तथा बागमती विश्वविद्यालय कर्मचारी नियुक्ति, पदोन्नति एवम् समायोजन सिफारिस सम्बन्धी कार्यविधि, २०८२ बमोजिम समायोजन गरी स्वीकृत दरबन्दीमा स्थायी नियुक्ति दिने निर्णय गरियो ।

२६. मिति २०८२/१२/२४ गते बागमती विश्वविद्यालय सेवामा निर्णय नं. १ बमोजिम स्थायी नियुक्त भएका कर्मचारीहरूलाई बागमती विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासम्बन्धी विनियम, २०८२ को दफा २५ बमोजिम हाल कार्यरत रहेकै क्याम्पसमा पदस्थापन गर्ने निर्णय गरियो ।

२७. मिति २०८२/१२/२४ गते नेपाल सरकारले मिति २०८२/१२/२३ देखि साप्ताहिक कार्यालय कार्य दिन सोमबारदेखि शुक्रबार निर्धारण गरी शनिबार र आइतबार सार्वजनिक बिदा दिने र कार्यालय समय बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म कायम गर्ने निर्णय गरे बमोजिम बागमती विश्वविद्यालय अन्तर्गतका क्याम्पस, महाविद्यालयहरूलाई विद्यार्थीहरूको पाठ्यघण्टामा फेरबदल नहुने गरी सबै सरोकारवालासँग छलफल समन्वय गरी कार्यालय कार्यदिन, कार्यक्रम सत्र (Shift) र समय मिलान गर्ने अधिकार प्रदान गर्ने निर्णय गरियो ।

२८. मिति २०८२/१२/२६ गते बागमती विश्वविद्यालय आङ्गिक क्याम्पसहरूमा पठनपाठन र प्रशासनिक कार्य सञ्चालन गर्न आवश्यक भएको भनी क्याम्पस प्रमुखबाट सिफारिस भएबमोजिमका शिक्षक तथा कर्मचारीहरूलाई मिति २०८२/१०/०१ गतेदेखि २०८३ असार मसान्तसम्मको लागि (हाजिर भएका मितिबाट तलब भत्ता प्रदान गर्ने गरी) करार सेवामा नियुक्त गर्ने निर्णय गरियो ।

२९. मिति २०८३/०१/०२ गते विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले मिति २०८३/०१/०२ मा यस परिषद्मा समक्ष पेस गर्नु भएको हेटौँडा क्याम्पस, मकवानपुरका क्याम्पस प्रमुख श्री बालकृष्ण शर्मा घिमिरेले र माडीका क्याम्पस प्रमुख श्री नेत्र प्रसाद गौतमज्यूले दिनुभएको राजिनामा बागमती विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी विनियम, २०८२ को विनियम १२६ (ख) र १३२ (६) को व्यवस्थाअनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

३०. मिति २०८३/०१/०३ गते विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदीले मिति २०८३/०१/०३ मा यस परिषद्मा समक्ष पेस गर्नु भएको सिफारिसका आधारमा बागमती विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी विनियम, २०८२ को विनियम १३२ (२) को व्यवस्थाअनुसार हेटौँडा क्याम्पस, मकवानपुरको क्याम्पस प्रमुख पदमा डा. देवचन्द्र मानन्धर साथै माडी क्याम्पस, माडीको क्याम्पस प्रमुख पदमा रामकृष्ण क्षेत्रीलाई अर्को व्यवस्था नभएसम्मका लागि क्याम्पसको प्रशासनिक, शैक्षिक, आर्थिक सबै कार्यहरू सञ्चालन गर्ने गरी नियुक्ति गर्ने निर्णय गरियो ।

३१. मिति २०८३/०१/०६ गते तपसिलका आङ्गिक क्याम्पसहरूलाई दिइएको कार्यक्रम सञ्चालनको स्वीकृतिमा आ.व. २०८३/०८४ का लागि निम्नअनुसारको सेक्सन सञ्चालनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र. सं. | क्याम्पसको नाम | कार्यक्रम | सेक्सन | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | भुवानीशङ्कर क्याम्पस | BBA<br>BIT<br>BEd<br>LLB | २<br>१<br>१<br>१ | ८०<br>४०<br>८०<br>५५ | बि.एड्तर्फ प्रति मेजर विषय १० जना विद्यार्थी न्यूनतम हुनुपर्नेछ । |
| २. | जनमैत्री क्याम्पस | BBA<br>BIT<br>BEd<br>LLB | २<br>१<br>१<br>१ | ८०<br>४०<br>८०<br>५५ | |
| ३. | कपन क्याम्पस | BBA<br>BIT<br>BEd | २<br>१<br>१ | ८०<br>४०<br>८० | |
| ४. | हेटौँडा क्याम्पस | BBA<br>BEd<br>LLB | २<br>१<br>१ | ८०<br>८०<br>५५ | |
| ५. | माडी क्याम्पस | BBA<br>BEd | १<br>१ | ४०<br>६० | |
| ६. | चैतन्य क्याम्पस | BIT<br>BEd<br>BBA | १<br>१<br>१ | ४०<br>७०<br>४० | |

थप सेक्सन र कार्यक्रम सञ्चालन गर्न चाहने क्याम्पसले सम्भाव्यता अध्ययन गरी व्यवस्थापन समितिवाट निर्णय गराई विश्वविद्यालय केन्द्रीय कार्यालयमा आवेदन दिनु पर्नेछ ।

३२. मिति २०८३/०१/०६ गते यस विश्वविद्यालय अन्तर्गतका क्याम्पस तथा महाविद्यालयको कोड निम्नअनुसार निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं. | क्याम्पसको नाम | कोड नं. |
|---|---|---|
| १. | माडी क्याम्पस | ०१ |
| २. | भुवानीशङ्कर क्याम्पस | ०२ |
| ३. | हेटौँडा क्याम्पस | ०३ |
| ४. | चैतन्य क्याम्पस | ०४ |
| ५. | जनमैत्री क्याम्पस | ०५ |
| ६. | कपन क्याम्पस | ०६ |
| ७. | व्यवस्थापन महाविद्यालय | ०७ |
| ८. | कानुन महाविद्यालय | ०८ |
| ९. | शिक्षा महाविद्यालय | ०९ |
| १०. | इन्जिनियरिङ्ग महाविद्यालय | १० |

३३. मिति २०८३/०१/०६ गते विद्यार्थी रजिष्ट्रेसन नम्बर निर्धारण निम्नअनुसार गर्ने निर्णय गरियो ।

वर्षे दुई अङ्क- क्याम्पस कोड दुई अङ्क - सङ्काय कोड एक अङ्क - कार्यक्रम कोड एक अङ्क - तह कोड एक अङ्क - विद्यार्थी रोल नं. तिन अङ्क (उदाहरण)

०० - ०० - ० - ० - ० - ०००

**वर्षे कोड :** वि.सं. को पछिल्लो २ अङ्क

**सङ्काय कोड :** व्यवस्थापन तथा कानुन- १, विज्ञान तथा प्रविधि- २, शिक्षाशास्त्र तथा सामाजिक विज्ञान-३

**कार्यक्रम कोड :** व्यवस्थापन - १, कानुन - २, सिभिल इन्जिनियरिङ्ग - १, कम्प्युटर इन्जिनियरिङ्ग - २, सूचना प्रविधि - ३, शिक्षाशास्त्र - १, सामाजिक विज्ञान - २

**तह कोड :** स्नातक - ५, स्नातकोत्तर - ६, दर्शनाचार्य - ८, बिदावारिधि - ९

**विद्यार्थी रोल नं.:** अङ्ग्रेजी वर्णानुक्रम अनुसार राखी निर्धारण गर्ने

३४. मिति २०८३/०१/२१ गते विश्वविद्यालयबाट मिति २०८२ मङ्सिर २९ गते करार सेवामा कर्मचारी पदपूर्ति गर्न प्रकाशित सूचनाअनुसार विज्ञापन नं. ०१-०८२/०८३, विज्ञापन नं. ०२-०८२/०८३, विज्ञापन नं. ०३-०८२/०८३ र विज्ञापन नं. २१-०८२/०८३ बमोजिम आवेदन दिएका आवेदकहरू मध्येबाट

छनोट तथा सिफारिस समितिले छनोट गरी सिफारिस गरे बमोजिमका उम्मेदवारलाई सिफारिस सूची र वैकल्पिक उम्मेदवारलाई प्रतीक्षा सूचीमा राखी ७ दिनको समयावधि तोकी नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

३५. मिति २०८३/०१/२१ गते निर्णय नं. २ बमोजिमको नतिजाअनुसार सिफारिस भएका उम्मेदवारहरूलाई सम्बन्धित सेवा समूह, तह र पदमा करारमा नियुक्ति गर्ने निर्णय गरियो । साथै तोकिएको समय अवधिभित्र सम्पर्कमा नआउने उम्मेदवारहरूलाई सिफारिस सूचीबाट हटाई प्रतीक्षा सूचीमा रहेका उम्मेदवार मध्येबाट योग्यताक्रमअनुसार करारमा नियुक्ति गर्ने निर्णय गरियो ।

३६. मिति २०८३/०१/२२ गते बागमती प्रदेश सरकार मन्त्री परिषद्ले बागमती विश्वविद्यालयको विधान, २०८१ मा पहिलो संशोधन गरी "मूल विधानको लामो नामसहित ठाँउ ठाँउमा रहेका बागमती विश्वविद्यालय भन्ने शब्दहरूको सट्टा बागमती विश्वविद्यालय भन्ने शब्दहरू राखी रूपान्तरण गरिएको छ" भनी मिति २०८२ साल चैत २४ गते प्रदेश राजपत्रमा प्रकाशित भई आएकाले सोहीअनुसार विश्वविद्यालयको नाम, प्रतीक चिन्ह (Logo) र छापमा परिवर्तन गरी प्रचलन गर्न स्वीकृतिका लागि संरक्षक समितिमा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

**विश्वविद्यालयको नाम** : बागमती विश्वविद्यालय

**प्रतीक चिन्ह** (Logo): हाल कायम रहेको विश्वविद्यालयको प्रतीक चिन्ह (Logo) को षट्कोणभित्र रहेको प्रदेश जनाउने अक्षरहरू प्र. र P हटाई बाँकी स्वरूप यथावत राखी प्रतीक चिन्ह (Logo) बनाउने । (अनुसूची १)

**छाप** : हाल कायम रहको विश्वविद्यालयको छापमा रहेको प्रदेश र Province भन्ने शब्दहरू हटाउने साथै षटकोण भित्र रहेका प्र. र P भन्ने अक्षरहरू हटाई छाप बनाउने ।

३७. मिति २०८३/०१/२२ गते बागमती विश्वविद्यालय अन्तराष्ट्रिय सम्बन्ध तथा जनसम्पर्क केन्द्रको निर्देशक पदमा नियुक्ति गर्ने प्रयोजनका लागि सिफारिस सम्बन्धी मापदण्ड, २०८३ निर्धारण गरी स्वीकृतिका लागि संरक्षक समितिमा प्रस्ताव पेस गर्ने निर्णय गरियो ।

३८. मिति २०८३/०१/२९ गते बागमती विश्वविद्यालयमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीहरूको उपदान कोषको रकम कर्मचारी सञ्चयकोषमा कर्मचारीहरूको व्यक्तिगत उपदान कोष खाता खोली जम्मा गर्ने निर्णय गरियो । यस्तो कोषमा जम्मा भएको रकम शिक्षक, कर्मचारीहरू जुनसुकै

कारणले सेवा निवृत्त भएपछि एकमुष्ट भुक्तानी प्राप्त गर्ने गरी कर्मचारी सञ्चय कोषसँग सम्झौता गर्ने निर्णय गरियो ।

३९. मिति २०८३/०१/२९ गते बागमती विश्वविद्यालय सेवा आयोगमा अध्यक्ष र सदस्य नियुक्तिका लागि सिफारिस गर्ने प्रक्रिया व्यवस्थित गर्न एक सिफारिस मापदण्ड निर्माण गरी स्वीकृतिका लागि संरक्षक समितिमा पेस गर्ने निर्णय गरियो ।

४०. मिति २०८३/०१/२९ गते बागमती विश्वविद्यालयको राष्ट्रिय वाणिज्य बैङ्कमा रहेका तपसिलका खाताहरू यसअघि विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदी र आर्थिक प्रशासन प्रमुख ईन्द्र प्रसाद अधिकारीको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुँदै आएकोमा हाल विश्वविद्यालयको लेखा अधिकृतको रूपमा निकिता खरेल नियुक्त भएकाले ती बैङ्क खाताहरू विश्वविद्यालयका उपाध्यक्ष डा. कुसुमराज सुवेदी र लेखा अधिकृत निकिता खरेलको संयुक्त हस्ताक्षरबाट सञ्चालन गर्ने निर्णय गरियो ।

(क) ख २.८.२ १३००१००२०२०८०२०१ बागमती विश्वविद्यालय आम्दानी खाता

(ख). ख २.८.३ १३००१००२०२०८०३०१ बागमती विश्वविद्यालय खर्च खाता

(ग) ख २.८.४ १३००१००२०२०८०४०१ बागमती विश्वविद्यालय धरौटी खाता

(घ) ख २.८.५ १३००१००२०२०८०५०१ बागमती विश्वविद्यालय अन्य कोष खाता

४१. मिति २०८३/०२/१३ गते बागमती विश्वविद्यालयको शिक्षा तथा सामाजिक विज्ञान सङ्काय र विज्ञान तथा प्रविधि सङ्कायहरूमा डिन नियुक्तिका लागि १५ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

४२. मिति २०८३/०२/१३ गते बागमती विश्वविद्यालयको अन्तर्राष्ट्रिय सम्बन्ध तथा जनसम्पर्क केन्द्रको निर्देशक नियुक्तिका लागि १५ दिनको समय दिई सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

४३. मिति २०८३/०२/१९ गते विश्वविद्यालयको राष्ट्रिय वाणिज्य बैङ्क हेटौँडामा रहेको बागमती विश्वविद्यालय आम्दानी खाताको खाता नं. ख २.८.२. १३००१००२०२०८०२०१ को कारोवारको विवरण तथा QR र मोबाइल बैङ्किङ मोबाइल नं. ९८४५८२८८३४ र इमेल ठेगाना acc@bagmatiuniversity.edu.np रहने गरी सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

४४. मिति २०८३/०२/२१ गते बागमती विश्वविद्यालय, शिक्षक तथा कर्मचारी सेवासम्बन्धी विनियम, २०८२ को विनियम ६६ बमोजिम बागमती विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको आधारभूत तलबबाट मासिक रूपमा १०% बराबरको रकम कटाई सोही रकममा सत प्रतिशत थप

गरी उपदान रकम कर्मचारी सञ्चय कोषको योगदानमूलक उपदान योजनामा कर्मचारीकै नाममा आ.व. २०८२/०८३ को पुष २१ देखि विज्ञ शिक्षक कर्मचारी नियुक्ति भएको मितिबाट लागु हुने गरी मासिक रूपमा नियमित दाखिला गर्ने निर्णय गरियो ।

४५. मिति २०८३/०३/०१ गते तपसिलका आङ्गिक क्याम्पसहरूलाई क्याम्पसहरूले पेस गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा यो वर्षलाई निम्नअनुसारको थप शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र. सं. | क्याम्पसको नाम | कार्यक्रम | सेक्सन | विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | भुवानीशङ्कर क्याम्पस | BALLB | १ | ५० | |
| २. | जनमैत्री क्याम्पस | BPM<br>BALLB | १<br>१ | ४४<br>५० | |
| ३. | कपन क्याम्पस | BE (Com) | १ | ४८ | |
| ४. | हेटौँडा क्याम्पस | BIT<br>BALLB | १<br>१ | ४४<br>५० | |

४६. मिति २०८३/०३/०१ गते विश्वविद्यालयअन्तर्गतका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८३/०८४ का लागि नयाँ भर्ना खुला गर्ने र सोका लागि सार्वजनिक सूचना गर्ने निर्णय गरियो ।

४७. मिति २०८३/०३/०१ गते पहिलो सेमेष्टरका सबै परीक्षाहरू मिति २०८३/०३/०९ गते समाप्त हुने भएकाले शिक्षकहरूलाई अर्को सेमेस्टरको तयारी गर्न र आफ्ना घरायसी कार्य गर्न मिति २०८३/०३/०८ देखि मिति २०८३/०३/१९ सम्म सत्रान्त बिदा (Semester Break) दिने निर्णय गरियो ।

४८. मिति २०८३/०३/०९ गते बागमती विश्वविद्यालयमा विज्ञान तथा प्रविधि सङ्काय, स्नातक तहको कम्प्युटर इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीका लागि रू. ५,००,००० (पाँच लाख रूपैयाँ मात्र) शुल्क निर्धारण गर्ने निर्णय गरियो ।

४९. मिति २०८३/०३/०९ गते बागमती विश्वविद्यालय विधान, २०८१ को दफा १२ (१) (घ) बमोजिमको सदस्यमा श्री सुष्मा सापकोटालाई मनोनयन गर्ने निर्णय गरियो ।

५०. मिति २०८३/०३/०९ गते हेटौँडा क्याम्पसले पेस गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा हेटौँडा क्याम्पसलाई स्नातक तहको होटल व्यवस्थापन विषय यसै शैक्षिक सत्रदेखि शैक्षिक कार्यक्रम थप गरी सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

५१. मिति २०८३/०३/१७ गते बागमती विश्वविद्यालय, व्यवस्थापन तथा कानुन सङ्कायका डिन डा. गंगाराम विश्वकर्माले डिनको पदबाट दिनु भएको राजिनामा आजैका मितिबाट लागु हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

५२. विश्वविद्यालयको केन्द्रीय कार्यालय स्थापना

संरक्षक समितिको कार्यकक्षबाट सञ्चालन हुँदै आएको विश्वविद्यालय केन्द्रीय कार्यालयका कार्यहरू, आङ्गिक क्याम्पसको रूपमा ६ वटा क्याम्पसहरू समायोजन भएपछि कार्यबोझ थपिएसँगै मिति २०८२ पौष १६ गतेदेखि हेटौँडा उपमहानगरपालिका-४, हुप्रचौरमा एक घर भाडामा लिइ केन्द्रीय कार्यालय स्थापना एवम् सञ्चालन भएको छ ।




केन्द्रीय कार्यालयको भवन, हेटौँडा-४, हुप्रचौर

मिति २०८३/०१/०२ मा प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट विश्वविद्यालयको केन्द्रीय कार्यालय सञ्चालन गर्न भुटनदेवी मा.वि. को स्वामित्वमा रहेको कोसेली भवन विश्वविद्यालयलाई उपलब्ध गराउने गरी निर्माण भएको पत्र प्राप्त भएको छ । (अनुसूची २)

## विश्वविद्यालयमा भौतिक निर्माणका कार्यहरू

१. डिन कार्यालयको स्थापनाः व्यवस्थापन तथा कानुन सङ्कायको डिन कार्यालय तथा व्यवस्थापन महाविद्यालय जनमैत्री क्याम्पस कुलेश्वरमा स्थापना गरिएको छ । सोका लागि आवश्यक कक्ष निर्माण, कक्षाकोठा, फर्निसिङ र फर्निचरको व्यवस्था गरिएको छ ।






व्यवस्थापन तथा कानुन सङ्काय, डिन कार्यकक्ष, कुलेश्वर

२. शिक्षाशास्त्र तथा सामाजिक विज्ञान सङ्कायको डिन कार्यालयका लागि तयार गरिँदै गरेको कार्यकक्ष भुवानीशङ्कर क्याम्पस परिसरमा भवनको तला थप एवम् फर्निसिङ कार्य गरिएको छ ।



शिक्षाशास्त्र तथा सामाजिक विज्ञान सङ्काय, डिन कार्यालयका लागि तयार गरिँदै गरेको कार्यकक्ष, भुवानीशङ्कर क्याम्पस



३. कानुन विषय अध्यापन हुने ३ वटा क्याम्पसहरूमा अभ्यास अदालत कक्ष निर्माण गरिएको छ ।



भुवानीशङ्कर क्याम्पसको अभ्यास अदालत






हेटौँडा क्याम्पसको अभ्यास अदालत






जनमैत्री क्याम्पसको अभ्यास अदालत



## ४. प्राध्यापक कार्यकक्ष (Chamber) निर्माण

हरेक क्याम्पसहरूमा प्राध्यापकहरूलाई अलग अलग कार्यकक्ष (Chamber) निर्माण गर्न लगाइएको छ। यसबाट शिक्षकहरूको दैनिक गतिविधि र अनुसन्धान कार्यहरूमा सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ।






शिक्षक कार्यकक्ष, हेटौँडा क्याम्पस

## ५. क्याम्पसहरूमा कक्षाकोठाको आधुनिकीकरण

विश्वविद्यालयका सबै आङ्गिक क्याम्पसहरूको कक्षाकोठाहरूलाई आधुनिकीरण गर्न प्रत्येक १ कार्यक्रमका लागि १ कोठामा स्मार्टबोर्ड र आधुनिक फर्निचरको व्यवस्था गरिएको छ ।

**भुवानीशङ्कर क्याम्पसमा भएका स्मार्ट बोर्डसहितको कक्षाकोठा**



चैतन्य क्याम्पसमा भएको स्मार्ट बोर्डसहितको कक्षाकोठा



हेटौंडा क्याम्पसमा भएको स्मार्ट बोर्डसहितको कक्षाकोठा



माडी क्याम्पसमा भएको स्मार्ट बोर्डसहितको कक्षाकोठा



कपन क्याम्पसमा भएको स्मार्ट बोर्डसहितको कक्षाकोठा



कम्प्युटर ल्याव, कपन क्याम्पस



जनमैत्री क्याम्पसमा भएको स्मार्ट बोर्डसहितको कक्षाकोठा



व्यवस्थापन महाविद्यालयको स्मार्ट बोर्डसहितको कक्षाकोठा

## ६. जनशक्ति क्षमता अभिवृद्धि कार्यक्रम

### क) प्रश्नपत्र निर्माण तथा विद्यार्थी मूल्याङ्कन कार्यशाला






प्रश्नपत्र निर्माण तथा विद्यार्थी मूल्याङ्कन कार्यशाला

## (ख) अनुसन्धान प्रस्तावना विकास सम्बन्धी कार्यशाला




अनुसन्धान प्रस्तावना विकास कार्यशाला, जनमैत्री क्याम्पस, कुलेश्वर, २०८३ असार १५ देखि १८ सम्म





अनुसन्धान प्रस्तावना विकास कार्यशाला समापनपछिको तस्बिर

## (ग) कर्मचारी अभिमुखीकरण तालिम हेटौँडा



कर्मचारी क्षमता अभिवृद्धि तालिम, २०८३ जेठ ०३ र ०४ गते, हेटौँडा क्याम्पस

**(घ) पुस्तकालय सञ्चालन अभिमुखीकरण तालिम कार्यक्रम, जनमैत्री क्याम्पस, कुलेश्वर, २०८३ असार ०६ र ०७ गते**









पुस्तकालय सञ्चालन अभिमुखीकरण तालिम कार्यक्रम, जनमैत्री क्याम्पस, कुलेश्वर

## (ङ) विद्यार्थी अभिमुखीकरण कार्यक्रम




तीन वर्षे एलएल.बी. कार्यक्रम अन्तर्गत प्रथम वर्षका विद्यार्थीहरूका लागि
अभिमुखीकरण कार्यक्रम २०८२ चैत्र १४ गते



### ७. प्रकाशन

विश्वविद्यालयले वार्षिक शैक्षिक पात्रोसहितको प्रकाशन गरी सबै क्याम्पसहरूमा वितरण गरिएको छ । यस्तै विश्वविद्यालयले डायरी प्रकाशन गरिएको छ ।

### ७. जनसम्वाद तथा अन्तरक्रिया कार्यक्रमहरू

आङ्गिक क्याम्पसको निर्णयपश्चात् ६ वटा क्याम्पसबिच छलफल गर्न
प्रदेश सुशासन केन्द्र, जावलाखेल
२०८२/०८/१६





# विशेष शैक्षिक अन्तरक्रिया कार्यक्रम २०८२
## भुवानीशङ्कर क्याम्पस






# विशेष शैक्षिक अन्तरक्रिया कार्यक्रम २०८२
## २०८२ चैत्र १६ गते, माडी क्याम्पस








MRIM कार्यक्रम २०८२ फागुन १५
सिद्धार्थ कटेज, बानेश्वर, काठमाडौँ



बागमती विश्वविद्यालयमा विद्यार्थीहरू प्रवेश परीक्षा दिँदै



एमएड पाठ्यक्रम निर्माणका लागि छलफल



चितवनमा मुख्यमन्त्रीसँग विश्वविद्यालयका सम्बन्धमा छलफल
२०८२ भाद्र १५, Aug 31





नवनियुक्त बोर्ड अफ ट्रस्टीको सदस्य स्वागत





नवनियुक्त बोर्ड अफ ट्रस्टीको सदस्य स्वागत

कानुन दिवसको अवसरमा आयोजित शुभकामना आदान प्रदान र "Rule of Laws & Welfare State" विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम, हेटौँडा क्याम्पस, २०८३/०१/२६






## आगामी शैक्षिक कार्यक्रमहरू सञ्चालनका सम्बन्धमा अन्तरक्रिया






# आर्थिक प्रतिवेदन

## बागमती विश्वविद्यालय

## हेटौंडा, मकवानपुर

## वार्षिक बजेट तथा आ.व. २०८२/०८३ को वित्तीय प्रगति विवरण

**वार्षिक बजेट तथा प्रगति विवरण :**

**क. पुजिँगत तर्फ**

| क्र.स. | स्रोत | आ.व.०८२/०८३ को कूल बजेट | कूल खर्च रकम | खर्च प्रतिशत | | कै. |
|---|---|---|---|---|---|---|
| | | पुँजीगत | पुँजीगत | वित्तीय | भौतिक | |
| १. | प्रदेश सरकार | ३२,५६०,००० | ९,०१२,१२८।७५ | २७.६८ | २७.६८ | |
| **जम्मा** | | ३२,५६०,००० | ९,०१२,१२८।७५ | २७.६८ | २७.६८ | |

**ख. चालु तर्फ**

| क्र.स. | स्रोत | आ.व.०८२/०८३ को कूल बजेट | कूल खर्च रकम | खर्च प्रतिशत | | कै. |
|---|---|---|---|---|---|---|
| | | चालु | चालु | वित्तीय | भौतिक | |
| १. | प्रदेश सरकार | १६७,४१९,२६२ | ९८,५८२,०२४।९५ | ५८.८८ | ५८.८८ | |
| **जम्मा** | | १६७,४१९,२६२ | ९८,५८२,०२४।९५ | ५८.८८ | ५८.८८ | |

**ख. जम्मा प्रगति विवरण**

| क्र स | स्रोत | आ.व. ०८२/०८३ को कूल बजेट | | | कूल खर्च रकम | | | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुँजीगत | चालु | जम्मा | पुँजीगत | चालु | जम्मा | वित्तीय | |
| १. | प्रदेश सरकार | ३२,५६०,००० | १६७,४१९,२६२ | १९९,९७९,२६२ | ९,०१२,१२८।७५ | ९८,५८२,०२४।९५ | १०७५९४१५३।७ | ५३.८ | |
| **जम्मा** | | | | | | | | | |

आ.व. २०८२/०८३ मा विश्वविद्यालयको लागि सामाजिक विकास मन्त्रालय अन्तर्गत विभिन्न शीर्षकमा चालुतर्फ रू. १६,७४,१९,२६२।- र पुँजिगततर्फ रू. ३,२५,६०,०००।- रकम विनियोजन भएकामा चालुतर्फ रू. ९,५५,८२,०२४.९५ (५८.८८%) र पुँजिगत तर्फ रू. ३,२५,६०,००० (२७.६८%) खर्च भएको छ । यसरी हेर्दा विश्वविद्यालयको आ.व. २०८२/०८३ को वित्तीय प्रगति कम हुन गएको देखिन्छ । विश्वविद्यालय स्थापनाकै चरण र आङ्गिक क्याम्पस छनोटको निर्माण केही

ढिला भएका कारण शैक्षिक कार्यक्रहरूको सञ्चालन तयारी गर्दा सबै शीर्षकहरूका रकमहरू खर्च हुन सकेनन् भने समयमा मन्त्रालय, उच्च शिक्षा परिषद् र प्रदेश मन्त्रिपरिषदबाट निर्णयहरू ढिला हुँदा विनियोजित रकमहरू खर्च हुन नसकेको अवस्था रह्यो । यस्तै विश्वविद्यालयको लागि अनुदानको रूपमा रकम विनियोजन हुन नसक्दा अन्य आवश्यक कार्यहरूमा रकम अभाव हुनाले त्यस्ता कार्यहरू गर्न सम्भव भएन । कतिपय विनियोजित रकम शीर्षक र विश्वविद्यालयको आवश्यकतामा समेत मेलखान नसक्दा पनि न्यून वित्तीय प्रगति हुने अवस्था देखियो । विश्वविद्यालयका लागि विनियोजित रकम र खर्च विवरण अनुसूची ४ र ५ मा राखिएको छ ।

**बागमती विश्वविद्यालय**

**प्रदेश सरकारबाट विनियोजित रकम र खर्च विवरण (चालु)**

| खर्च/वित्तीय सङ्केत नम्बर/नाम | अन्तिम बजेट | खर्च रकम | बाँकी बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २१११२ पारिश्रमिक पदाधिकारी | ५,७९१,१८६।०० | ३,२१५,५७७।१० | २,५७५,६०८।९० | ५५।५३ |
| २११२१ पोशाक | ३७०,०००।०० | ७०,०००।०० | ३००,०००।०० | १८।९२ |
| २११३२ महंगी भत्ता | २,५२०,०००।०० | ५००,२९०।२० | २,०१९,७०९।८० | १९।८५ |
| २११३९ अन्य भत्ता | ५००,०००।०० | ३२,०००।०० | ४६८,०००।०० | ६।४० |
| २११४१ पदाधिकारी बैठक भत्ता | १,०००,०००।०० | ९७२,५४५।९१ | २७,४५४।०९ | ९७।२५ |
| २११४२ पदाधिकारी अन्य सुबिधा | ५,०००,०००।०० | २,६९७,०२०।०० | २,३०२,९८०।०० | ५३।९४ |
| २१२१४ कर्मचारी कल्याण कोष | २,५००,०००।०० | २,५००,०००।०० | ० | १००।०० |
| २१२२४ पदाधिकारी कल्याण कोषखर्च | १,०००,०००।०० | १,०००,०००।०० | ० | १००।०० |
| २२१११ पानी तथा बिजुली | ८००,०००।०० | २१३,०१८।६० | ५८६,९८१।४० | २६।६३ |
| २२११२ संचार महसुल | ३१०,०००।०० | २०५,०८१।०० | १०४,९१९।०० | ६६।१६ |

| खर्च/वित्तीय सङ्केत नम्बर/नाम | अन्तिम बजेट | खर्च रकम | बाँकी बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २२२११ इन्धन (पदाधिकारी) | १,०००,०००।०० | ७०९,१३४।८६ | २९०,८६५।१४ | ७०।९१ |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २००,०००।०० | ९६,१९७।०० | १०३,८०३।०० | ४८।१० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ५७७,५००।०० | ३७१,२५३।९६ | २०६,२४६।०४ | ६४।२९ |
| २२२१४ बिमा तथा नवीकरण खर्च | २७०,०००।०० | ११९,९०५।४९ | १५०,०९४।५१ | ४४।४१ |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २८०,०००।०० | १२,५००।०० | २६७,५००।०० | ४।४६ |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २५०,०००।०० | २४९,४८६।२६ | ५१३।७४ | ९९।७९ |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ९३,९६०।०० | २७,६११।४० | ६६,३४८।६० | २९।३९ |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,५००,०००।०० | ८३४,७८७।२५ | ६६५,२१२।७५ | ५५।६५ |
| २२४११ सेवा र परामर्श खर्च | १५०,०००।०० | ० | १५०,०००।०० | ०।०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००,०००।०० | ५०,०००।०० | ४५०,०००।०० | १०।०० |
| २२४१३ करार सेवा शुल्क | १५,९१९,०७६।०० | २,२४२,८५८।०० | १३,६७६,२१८।०० | १४।०९ |

| खर्च/वित्तीय सङ्केत नम्बर/नाम | अन्तिम बजेट | खर्च रकम | बाँकी बजेट | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २२५११ कर्मचारी तालिम खर्च | १,०००,०००।०० | ८८९,२८९।०० | ११०,७११।०० | ८८।९३ |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १,०००,०००।०० | ९,२९९।९९ | ९९०,७००।०१ | ०।९३ |
| २२५२२ कार्यक्रम खर्च | ११,३००,०००।०० | २,१५८,१९२।४९ | ९,१४१,८०७।५१ | १९।१० |
| २२५२९ विविध कार्यक्रम खर्च | ४,१००,०००।०० | १,१६७,६९९।५५ | २,९३२,३००।४५ | २८।४८ |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ५००,०००।०० | ४९५,०५७।०० | ४,९४३।०० | ९९।०१ |
| २२६१२ भ्रमण खर्च | १,०००,०००।०० | ० | १,०००,०००।०० | ०।०० |
| २२७११ विविध खर्च | ७००,०००।०० | ६६८,१९१।५० | ३१,८०८।५० | ९५।४६ |
| २६४१२ सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | १०२,७३७,५४०।०० | ७३,६१४,२६६।४४ | २९,१२३,२७३।५६ | ७१।६५ |
| २७२११ छात्रवृत्ति | १,०००,०००।०० | ९९७,७००।०० | २,३००।०० | ९९।७७ |
| २८१४२ घर भाडा | ३००,०००।०० | २६९,३६२।०० | ३०,६३८।०० | ८९।७९ |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १,१००,०००।०० | ३९९,५००।०० | ७००,५००।०० | ३६।३२ |
| **जम्मा** | **१६७,४१९,२६२।००** | **९८,५८२,०२४।९५** | **६८,८३७,२३७।०५** | **५८।८८** |

## बागमती विश्वविद्यालय

## प्रदेश सरकारबाट विनियोजित रकम र खर्च विवरण (पुँजीगत)

| खर्च/वित्तीय संकेत नम्बर/नाम | अन्तिम बजेट | खर्च रकम | बाँकी बजेट | खर्चप्रतिशत |
|---|---|---|---|---|
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ८,७५०,०००।०० | ० | ८,७५०,०००।०० | ०.०० |
| ३११२१ सवारी साधन | ११,७००,०००।०० | ५,२१६,०००।०० | ६,४८४,०००।०० | ४४.५८ |
| ३११२२ मेशिनरी तथा औजार | २,४००,०००।०० | २,२८६,९०६।९९ | ११३,०९३।०१ | ९५.२८ |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १,८००,०००।०० | १,५०९,२२१।७६ | २९०,७७८।२४ | ८३.८४ |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ७,९१०,०००।०० | ० | ७,९१०,०००।०० | ०.०० |
| **जम्मा** | **३२,५६०,०००।००** | **९,०१२,१२८।७५** | **२३,५४७,८७१।२५** | **२७.६७** |

## छ ओटा आङ्गिक क्याम्पस तथा केन्द्रीय कार्यालयको मासिक आम्दानी विवरण

| SN | Month | Central office | Janamaitri Campus | Hetauda Campus | Bhuwanishankar Campus | Chaitanaya Campus | Madi Campus | Kapan Campus | Total |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mangsir | 0 | 9000 | 0 | 0 | 0 | 0 | 0 | 9000 |
| 2 | Poush | 0 | 329000 | 0 | 1056000 | 224000 | 67000 | 299000 | 1975000 |
| 3 | Magh | 212500 | 0 | 740050 | 273000 | 537000 | 1355000 | 98000 | 3215550 |
| 4 | Falgun | 0 | 40000 | 544950 | 1132400 | 28000 | 0 | 221000 | 1966350 |
| 5 | Chaitra | 382000 | 543500 | 433000 | 306900 | 176000 | 55000 | 456000 | 2352400 |
| 6 | Baishak | 7700 | 1010800 | 64000 | 927800 | 101000 | 121000 | 853000 | 3085300 |
| 7 | Jestha | 1310 | 532000 | 8000 | 278700 | 14000 | 8150 | 97000 | 939160 |
| 8 | Ashar | 3500000 | 622100 | 222540 | 86500 | 119000 | 284850 | 302000 | 5136990 |
| **Total** | | **4103510** | **3086400** | **1826000** | **4061300** | **1199000** | **1891000** | **2326000** | **18679750** |

## मुख्य स्टोर
## सम्पत्ति/जिन्सी मालसामानको विवरण

| क्र. सं. | सम्पत्ति तथा जिन्सी सामानको नाम | गत आ.व. | चलु आ.व. | भाद्र २३/२४ को घटनामा क्षती | मौज्दात बाँकी |
|---|---|---|---|---|---|
| १. | मोटरसाइकल | २ | १ | १ | २ |
| २. | स्कुटर | - | १ | - | १ |
| ३. | कार | - | १ | - | १ |
| ४. | जिप | १ | - | - | १ |
| ५. | साईकल | - | १ | - | १ |
| ६. | डेस्कटप कम्प्युटर | २ | ३ | २ | ३ |
| ७. | ल्यापटप | ३ | ७ | - | १० |
| ८. | Router | - | १ | - | १ |
| ९. | Link Basic Cat6 Utp Cable | - | १ | - | १ |
| १०. | टेलिफोन | - | १ | - | १ |
| ११. | मोबाईल फोन | २ | - | - | २ |
| १२. | प्रिन्टर | ५ | ८ | ५ | ८ |
| १३. | प्रोजेक्टर | २ | २ | २ | २ |
| १४. | HDd-Internal hard drive | - | १ | | १ |
| १५. | HDD | - | १ | - | १ |
| १६. | TV | - | १ | - | १ |
| १७. | E-Attendance Machine | - | २ | - | २ |
| १८. | CPU | - | ३ | - | ३ |
| १९. | सिलिङ पङ्खा | - | ३ | - | ३ |
| २०. | फ्रिज | - | १ | - | १ |
| २१. | भ्याकुम क्लिनर | १ | - | १ | ० |
| २२. | आइरन | १ | - | १ | ० |
| २३. | गिजर | - | १ | - | १ |
| २४. | स्टेन्ड पङ्खा | ५ | २ | ५ | २ |

| क्र. सं. | सम्पत्ति तथा जिन्सी सामानको नाम | गत आ.व. | चलु आ.व. | भाद्र २३/२४ को घटनामा क्षती | मौज्दात बाँकी |
|---|---|---|---|---|---|
| २५. | सि सि क्यामरा | - | ५ | १ | ४ |
| २६. | एसि | - | ७ | - | ७ |
| २७. | एयर कन्डिसनर | ३ | - | ३ | ० |
| २८. | कम्प्युटर यु पि एस | २ | - | २ | ० |
| २९. | Monitor | - | ३ | - | ३ |
| ३०. | टेबुल | १० | १६ | ५ | २१ |
| ३१. | कुर्चि | १५ | २० | १५ | २० |
| ३२. | दराज | - | २ | - | २ |
| ३३. | सोफासेट | ४ | १ | - | ५ |
| ३४. | स्टिल दराज | ७ | १२ | २ | १७ |
| ३५. | रिवल्भिङ चेयर | ९ | १२ | ५ | १६ |
| ३६. | टि टेवल | ४ | - | - | ४ |
| ३७. | कम्प्युटर टेबल | ८ | २ | ५ | ५ |
| ३८. | बेन्च | - | १ | - | १ |
| ३९. | र्‍याक | ५ | - | - | ५ |
| ४०. | टेबल | - | १ | - | १ |
| ४१. | Chair/Net/Visitor | - | १७ | - | १७ |
| ४२. | सिसिटिभि हार्डडिस | - | १ | - | १ |
| ४३. | वेभसाईट | १ | - | - | १ |

# अनुसूची १

बागमती विश्वविद्यालयको परिवर्तित लोगो

# अनुसूची २

## बागमती प्रदेश सरकारले निर्णय गरी दिएको भवनको स्वीकृत पत्र

बागमती प्रदेश सरकार

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

हेटौंडा, नेपाल

प.सं.- क.प्र./२०८२/८३
च.नं.- १६४९

मितिः- २०८३/०१/०२

विषयः- जानकारी सम्बन्धमा।

श्री बागमती विश्वविद्यालय,
बागमती प्रदेश, हेटौंडा।

प्रस्तुत विषयमा "भौतिक सम्पत्ति (सवारी साधन, भवन, जग्गाको उपभोग अवस्था) को अभिलेख व्यवस्थापन एवं उपभोग" सम्बन्धि समितिको मिति २०८२ साल चैत्र २४ गते बसेको बैठकको निर्णयानुसार हेटौंडा-४, स्थित भुटनदेवी माध्यमिक विद्यालयको स्वामित्वमा रहेको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, हेटौंडाद्वारा निर्मित कोसेली भवन तहाँ विश्वविद्यालयलाई उपलब्ध गराउने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

(गोविन्द पुरी)
अधिकृत नवौं

बोधार्थ
श्री भुटनदेवी माध्यमिक विद्यालय,
हेटौंडा-४।

# अनुसूची ३

## विश्वविद्यालयको सङ्गठन संरचना



## १ बजेट तथा प्रगति विवरण

### क) प्रदेश सरकार स्रोत तर्फ (विश्वविद्यालयको कुल खर्च)

| क.स. | आ व २०८२।८३ को वार्षिक स्वीकृत बजेट | | आ व २०८२।८३ को वार्षिक खर्च | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | वित्तिय | भौतिक | |
| १ | चालु | १६७,४१९,२६२ | ९८,५८२,०२४.९५ | ५८.८८ | ५८.८८ | डिन कार्यालयको खर्च समेत |
| २ | पुँजिगत | ३२,५६०,००० | ९,०१२,१२९ | २७.६८ | २७.६८ | |
| ३ | जम्मा | १९९,९७९,२६२ | १०७,५९४,१५४ | ५३.८० | ५३.८० | |

### ख) सङ्घ सशर्तः सङ्घ सरकार तर्फ बजेट प्राप्त नभएको ।

आङ्गिक क्याम्पसलाई अनुदानः विश्वविद्यालयलाई आङ्गिक क्याम्पस सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त बजेट रू. १०,००,००,०००। (अक्षरेपी दश करोड) र छात्रवृत्तिमा विनियोजन भएको रू.१०,००,०००।(अक्षरेपी दश लाख) मध्ये आङ्गिक क्याम्पसमा निकासा भएको अनुदान रकम

| क्र. सं. | क्याम्पसको नाम | बजेट | | फिर्ता रकम | कुल खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| | | चालु (प्रशासनिक र तलब भत्ता खर्च) | पुँजिगत खर्च | | | |
| १ | जनमैत्री क्याम्पस | १२,४७३,९१४.८० | ४,८५०,०००.०० | ५६९,६७७.६० | १६,७५४,२३७.२० | डिन कार्यालयको खर्च समेत |
| २ | कपन क्याम्पस | १०,६८५,८७७.३६ | ३,२००,०००.०० | ८४२,८१९.८० | १३,०४३,०५७.५६ | |
| ३ | चैतन्य क्याम्पस | ६,११५,३००.०० | २,९००,०००.०० | ४६२,९६७.७० | ८,५५२,३३२.३० | |
| ४ | भुवानी शङ्कर क्याम्पस | ११,१२०,०८०.५० | ४,८५०,०००.०० | २७४,४४२.६१ | १५,६९५,६३७.८९ | डिन कार्यालयको खर्च समेत |
| ५ | माडि क्याम्पस | ६,०७५,२२३.०० | २,१००,०००.०० | १,१७०,१७२.९४ | ७,००५,०५०.०६ | |
| ६ | हेटौंडा क्याम्पस | ९,२०६,२८८.४० | ४,५००,०००.०० | १४४,६३६.९७ | १३,५६१,६५१.४३ | |
| जम्मा | | ५५,६७६,६८४.०६ | २२,४००,०००.०० | ३,४६४,७१७.६२ | ७४,६११,९६६.४४ | |

## ग) विश्वविद्यालयमा प्राप्त विभिन्न आम्दानी र शूल्कहरू

| क्र. सं. | महिना | केन्द्रिय कार्यालय | जनमैत्री क्याम्पस | कपन क्याम्पस | चैतन्य क्याम्पस | भुवानी शङ्कर क्याम्पस | माडि क्याम्पस | हेटौंडा क्याम्पस | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मङ्सिर | ०.०० | ९,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ९,०००.०० | |
| २ | पुस | ०.०० | ३२९,०००.०० | ०.०० | १,०५६,०००.०० | २२४,०००.०० | ६७,०००.०० | २९९,०००.०० | १,९७५,०००.०० | |
| ३ | माघ | २१२,५००.०० | ०.०० | ७४०,०५०.०० | २७३,०००.०० | ५३७,०००.०० | १,३५५,०००.०० | ९८,०००.०० | ३,२१५,५५०.०० | |
| ४ | फागुन | ०.०० | ४०,०००.०० | ५४४,९५०.०० | १,१३२,४००.०० | २८,०००.०० | ०.०० | २२१,०००.०० | १,९६६,३५०.०० | |
| ५ | चैत | ३८२,०००.०० | ५४३,५००.०० | ४३३,०००.०० | ३०६,९००.०० | १७६,०००.०० | ५५,०००.०० | ४५६,०००.०० | २,३५२,४००.०० | |
| ६ | बैशाख | ७,७००.०० | १,०१०,८००.०० | ६४,०००.०० | ९२७,८००.०० | १०१,०००.०० | १२१,०००.०० | ८५३,०००.०० | ३,०८५,३००.०० | |
| ७ | जेठ | १,३१०.०० | ५३२,०००.०० | ८,०००.०० | २७८,७००.०० | १४,०००.०० | ८,१५०.०० | ९७,०००.०० | ९३९,१६०.०० | |
| ८ | असार | ३,५५५,५४०.०० | ६२२,१००.०० | १६७,०००.०० | ८६,५००.०० | ११९,०००.०० | २८४,८५०.०० | ३०२,०००.०० | ५,१३६,९९०.०० | |
| | जम्मा | ४,१५९,०५०.०० | ३,०८६,४००.०० | १,९५७,०००.०० | ४,०६१,३००.०० | १,१९९,०००.०० | १,८९१,०००.०० | २,३२६,०००.०० | १८,६७९,७५०.०० | |

घ) आ.व. २०८२।८३ को असार मसान्त सम्म विश्वविद्यालयको विभिन्न खाताहरूको मौज्दात रकमहरू

| क्र. सं. | खाताको प्रकार | खाताको नाम | गत आ.व. को अल्या | चालु आ.व.को आम्दानी | जम्मा आम्दानी | चालु आ.व.को खर्च | मौज्दात रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ख २.८.१ | बागमती प्रदेश विश्वविद्यालय कोष खाता | ०.०० | १८,२३४,४६०.०० | १८,२३४,४६०.०० | ३,५५०,०००.०० | १४,६८४,४६०.०० | कर्मचारी कल्याणकारी कोषको रू. ३५,००,०००। (पैतिस लाख रुपैयाँ अन्य कोष खातामा ट्रान्सफर गरिएको) |
| २ | ख २.८.२ | बागमती प्रदेश विश्वविद्यालय आम्दानी खाता | ०.०० | १८,६८०,७५०.०० | १८,६८०,७५०.०० | १८,१७५,७८०.०० | ५०४,९७०.०० | बागमती विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी विनियम,२०८२ विनियम ४ को उपविनियम ४ अनुसार कोष खातामा लगिएको |
| ३ | ख २.८.३ | बागमती प्रदेश विश्वविद्यालय खर्च खाता | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | PLMBIS प्रविष्ट गरी प्रलेनिकाबाट खर्च गरिएकाले कारोबार नभएको |
| ४ | ख २.८.४ | बागमती प्रदेश विश्वविद्यालय धरौटि खाता | ०.०० | ११०,९६५.७९ | ११०,९६५.७९ | ०.०० | ११०,९६५.७९ | हेटौंडा क्याम्पस धरौटी रकम |
| ५ | ख २.८.५ | बागमती प्रदेश विश्वविद्यालय अन्य कोष खाता खाता | ०.०० | ३,५००,०००.०० | ३,५००,०००.०० | ०.०० | ३,५००,०००.०० | पदाधिकारी र कर्मचारी कल्याणकारी कोष खाता बापतको रकम कोष |

| बागमती विश्वविद्यालय संरक्षक समितिको सचिवालय र केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण | | |
|---|---|---|
| सुस्मिता अधिकारी | प्रशासकीय अधिकृत | ९७६८६१०९८० |
| निकिता खरेल | लेखा अधिकृत | ९८४५८२८८३४ |
| इ. जिनियस श्रेष्ठ | सूचना प्रविधि अधिकृत | ९७४२५४९३३३ |
| प्रकाश कालाखेती | प्रशासन सहायक | ९८५५०८०२९३ |
| रमा गौतम | प्रशासन सहायक | ९८६१८२७३२५ |
| दर्पण खराल | कम्प्युटर अपरेटर | ९८६८९११३८१ |
| पवित्रा तितुङ | कम्प्युटर अपरेटर | ९७६५९५७७८२ |
| मनिष गौतम | का.स. | ९८५५०८९२२९ |
| सावित्री पुडासैनी | का.स. | ९८४५५६८५२६ |
| शोभा लामिछाने | का.स. | ९८४९९६८२५३ |
| दिपक उप्रेती | का.स. | ९७६६८०९२४९ |
| रूप नारायण चौधरी | हलुका सवारी चालक | ९८०९६१९८९८ |

**Bagmati University**
Hetauda, Makawanpur
Bagmati Province, Nepal

Phone: +977-057591192
Email: info@bagmatiuniversity.edu.np